# नेपाली समाचार

काठमाडौं जि.प्र.का.
दर्ता नं. २६८/०६८/०६९

NEPALI SAMACHAR National Weekly राष्ट्रिय साप्ताहिक





अशोक राईसँग कुराकानी
पृष्ठ ३ मा



वर्ष -१, अङ्क -५, पूर्णाङ्क -५, २०६९ साउन -२८ आइतवार, नेपाल सम्वत् ११३२ येले सम्बत् ३७९२ Sunday, Aug. 12, 2012 मूल्य रू. ८।-



# शीर्ष नेताहरूबीच राजनीतिक अन्तरक्रिया सुरु

ललितपुर, २७ साउन । राजनीतिक दलका शीर्ष नेताहरुले एक राजनीति अन्तरक्रिया कार्यक्रममार्फत् सहमतिका लागि आ-आफ्ना सर्त अगाडि सार्दै आपसी संवाद र अन्तरक्रिया गर्न सुरू गरेका छन्।

नेकपा-माओवादीले सानेपामा आयोजना गरेको राष्ट्रिय राजनीतिक अन्तर्क्रिया कार्यक्रममा दलका नेताहरुले सहमतिका लागि आ-आफ्ना अडान प्रस्तुत गरेका हुन्।

एकीकृत नेकपा (माओवादी) का अध्यक्ष पुष्पकमल दाहालले सहमतिको विकल्प नभएको भन्दै संविधानसभाको पुनःस्थापनाबाट नै सहमतिका प्रयास गर्नुपर्ने बताउनुभयो।

उहाँले संविधानसभाको विघटन हुनुमा नेपाली काँग्रेस र नेकपा (एमाले) दोषी रहेको उल्लेख गर्दै जातीय पहिचानसहित संघीयताको पक्षमा ती दल आउनुको विकल्प नरहेको उल्लेख गर्नुभयो। उहाँले संविधान पुनःस्थापनामा सहमति नभएको अवस्थामा सरकारको नेतृत्व काँग्रेसले नपाउने प्रष्ट पार्नुभयो।

अध्यक्ष दाहालले भन्नुभयो, "संविधानसभा पुनःस्थापना भएको खण्डमा यसअघि दलहरुबीच भएको पाँचबुँदे सहमतिअनुरुप सरकारको नेतृत्व काँग्रेसले गर्न सक्छ तर चुनावमा जाने स्थितिमा जुनसुकै दल वा स्वतन्त्र व्यक्तिको नेतृत्वमा चुनावी सरकार गठन गर्न सकिन्छ।"

नेकपा (एमाले) का अध्यक्ष झलनाथ खनालले सहमतिको विकल्प नभएको भन्दै सहमतिका लागि राष्ट्रिय सहमतिको सरकार निर्माण हुनुपर्ने धारणा अघि सार्नुभयो। उहाँले अहिले दलहरुबीच अविश्वासको अवस्था चुलिँदै गएको बताउँदै सबैभन्दा पहिले विश्वासको वातावरण बनाउनेतर्फ दलहरु अगाडि सर्नुपर्ने बताउनुभयो।



नेपाली काँग्रेसका उपसभापति रामचन्द्र पौडेलले दलहरुबीच यसअघि भएका सहमतिका बीचबाटै नयाँ सहमति खोजिनुपर्ने बताउनुभयो। उहाँले सत्तारूढ दलले संघीयताको नाममा गठबन्धन बनाउनु राजनीतिक बेइमानी भएको बताउँदै यसले दलहरुबीचको अविश्वास अझै बढाउने धारणा राख्नुभयो।

नेकपा-माओवादीका अध्यक्ष मोहन वैद्यले गोलमेच सभाबाट नयाँ राष्ट्रिय सहमति खोज्नुपर्ने बताउँदै संसदीय निर्वाचनमा देशलाई लैजान खोजे मुलुक फेरि द्वन्द्वमा फस्ने उल्लेख गर्नुभयो।

राष्ट्रिय जनशक्ति पार्टीका अध्यक्ष सूर्यबहादुर थापाले विवादका विषयवस्तुलाई छोट्याउँन दलहरुले जतिसक्दो चाँडो सङ्क्रमणकाललाई अन्त्य गर्नुपर्ने बताउनुभयो।

संघीय लोकतान्त्रिक राष्ट्रिय मञ्चका महासचिव खगेन्द्र माखिमले सो कार्यक्रममा आफ्नो दलको धारणा राख्नुहुँदै संविधान सभाको विघटन वा अवसान हुनुमा सबै प्रमुख दल तिनका शीर्ष नेताहरु उत्तिकै दोषी रहेकाले उनीहरुबाटै यो राजनीतिक सङ्कटको निकास यथासीघ्र आउनु पर्ने बताउनु भयो। वहाँले संविधान सभाको विघटन हुनु र वर्तमान राजनीतिक सङ्कटको प्रमुख कारण एकल जातीय पहिचानसहितको संघीयता नस्वीकार्नु रहेकोले पहिले त्यसैमा सहमति हुनुपर्नेमा जोड दिनुभयो।

राप्रपा नेपालका अध्यक्ष पशुपतिशमशेर राणाले देश फेरि संविधानसभामा जाने हो भने अहिलेको जस्तो सङ्ख्यामा सभासद् बनाउन नहुने धारणा राख्नुभयो।

कार्यक्रममा मधेसी जनअधिकार फोरमका राजेश्वर कायस्थ, फोरम गणतान्त्रिकका राजलाल यादव, नेकपा


*बाँकी पृष्ठ २ मा*




*काठमाडौंको त्रिपुरेश्वरस्थित् वर्ल्डट्रेड सेन्टरमा साउन २५ गते आयोजित पत्रकार सम्मेलनमा प्रस्तावित "सामाजिक लोकतान्त्रिक बहुल-राष्ट्रिय पार्टी"को नाम र घोषणा-पत्र सार्वजनिक गर्दै आदिवासी जनजाति अगुवा नेताहरू ।*
*फोटोः सेमिमा लिम्बू*

# पहिचानसहितको संघीयता र संघीयतासहितको संविधानका लागि मोर्चा

काठमाडौं, २६ साउन । एकीकृत नेकपा(माओवादी)का अध्यक्ष पुष्पकमल दाहालले पहिचानसहितको सङ्घीयता र सङ्घीयतासहितको संविधान निर्माणको लागि मोर्चा बनाउन लागिएको बताउनुभएको छ।

आज यहाँ लोकगाथा समाजले आयोजना गरेको कार्यक्रमपछि सञ्चार कर्मीसँग कुरा गर्दै उहाँले नेपालको अन्तरिम संविधानले व्यवस्था गरेको सङ्घीयतालाई व्यावहारिकरुपमा कार्यान्वयन गराउनका लागि मोर्चा आवश्यक भएको बताउनुभएको हो।

उहाँले भन्नुभयो, "जनतालाई अधिकार सम्पन्न गराउन यस खालको मोर्चा आवश्यक परेको हो, यो कोही कसैको विरोधका लागि होइन, जनतालाई अधिकार सम्पन्न गराउन हो।"

हिजो प्रधानमन्त्री निवास बालुवाटारमा बसेको सत्ता साझेदारहरुको बैठकले सङ्घीयता पक्षधरको मोर्चा बनाउने निर्णय गरेको थियो।

वर्तमान राजनीतिक सङ्कट समाधानको लागि मोर्चा आवश्यक रहेको उहाँको भनाइ थियो।

बाह्रबुँदे समझदारीदेखि सुरू भएको राजनीतिक प्रक्रियालाई अगाडि बढाउन आफ्नो दलले विशेष पहलकदमी लिएको दावी उहाँले


*बाँकी पृष्ठ २ मा*


# नेपाल संघीय जन गणतान्त्रिक मोर्चा गठन

काठमाडौं, २६ साउन। सरकारले आफ्नो सत्ता टिकाइराख्नका लागि संघीयता पक्षधरको बृहत मोर्चा गठन गरेको भन्दै नेकपा-माओवादीको पहल र नेतृत्वमा विभिन्न दल र सङ्गठनलाई लिएर छुट्टै मोर्चाको घोषणा गरेको छ।

नेकपा-माओवादीले क्रान्तिकारी शक्तिहरुको नेतृत्वमा सरकार बन्नुपर्ने र मुलुकको वर्तमान राजनीतिक तथा संवैधानिक निकासका लागि सर्वपक्षीय गोलमेच सभाको आयोजना गर्नुपर्ने मागलाई सशक्त बनाउन 'नेपाल संघीय जनगणतान्त्रिक मोर्चा' गठन गरिएको उपाध्यक्ष तथा मोर्चाका संयोजक सिपी गजुरेलले आज शुक्रबार काठमाडौंमा आयोजित पत्रकार सम्मेलनमा जानकारी दिनुभयो।

उहाँले सत्ता गठवन्धन दलले बनाएको संघीयता पक्षधर मोर्चा




# एमालेले जनजाति नेतालाई कारवाही गर्नसक्ने

पानीटचाङकी (मोरङ), २७ साउन । नेकपा एमाले स्थायी समिति सदस्य खड्गप्रसाद ओलीले पार्टीका असन्तुष्ट जनजाति नेतालाई पार्टीले कारबाही गर्न नचाहेको बताउनुभएको छ।

शनिबार विराटनगरमा कृष्ण सिग्देल स्मृति प्रतिष्ठानको साधारणसभाको उद्घाटन गर्न आएका नेता ओलीले पत्रकार हरूसँग कुरा गर्दै आफूहरूले चाहेको भए असन्तुष्ट नेताहरूलाई कारबाही गर्नसक्ने बताउनुभयो। उहाँले भन्नुभयो, "हामीले गल्ती गर्नेलाई सम्झाई-बुझाई गर्न चाहेका हौं।"

उहाँले सञ्चारमाध्यमले आफूलाई भावी प्रधानमन्त्रीका रुपमा प्रचार गरेकामा आपत्ति जनाउनु भयो।

भारत भ्रमणबाट फर्केपछि भावी प्रधानमन्त्रीका रुपमा आफूले प्रधानमन्त्रीका रूपमा नउभ्याएको भएपनि सञ्चारमाध्मयले बढाइचढाइ गरिदिएको उहाँको भनाइ थियो। रासस

# अठारौं विश्व आदिवासी दिवस भव्य सम्पन्न

अगष्ट ९, काठमाडौं। सन् १९९३ देखि संयुक्त राष्ट्र संघद्वारा मनाइँदै आएको विश्व आदिवासी दिवस यो वर्षको अगष्ट ९ मा पनि विश्वभर धुमधामसँग मनाइएको छ।

उक्त अवसरमा नेपालका राष्ट्रपति डा. रामबरण यादव, प्रधानमन्त्री डा. बाबुराम भट्टराई र संयुक्त राष्ट्र संघका महासचिब बान कि मुनले छुट्टाछुट्टै शुभकामना बक्तब्य जारी गरेका छन्।

नेपाल आदिवासी जनजाति महासंघ (नेफिन) र अन्य आदिवासी जनजाति संघ संस्थाहरुले आदिवासी दिवस विविध कार्यक्रमहरु गर्दै मनाएका छन्।

आदिवासी जनजातिहरु अहिले आफ्नो अधिकार स्थापनाको लागि संघर्ष गर्दैछन् । अहिले आदिवासी जानजाति नेतादेखि सबै सरोकार वालाहरु पहिचानसहितको संघीयता र संघीयतासहतिको संविधानको पक्षमा छन्। बिहीबार उनीहरुका लागि शक्ति प्रदर्शन गर्न एउटा थलोसमेत थियो।

बिहीबार अन्तर्राष्ट्रिय आदिवासी दिवस मनाउन भृकुटीमण्डप पुगेका उनीहरुले पहिचानको त कुरा गरे नै साथमा आ-आफ्ना संस्कृति झल्कने झाँकी तथा नृत्य पनि प्रस्तुत गरका थिए। अन्तर्राष्ट्रिय आदिवासी जनजाति दिवस मनाउन राजधानी र राजधानी आसपासका जिल्लाबाट जनजातिहरु


*बाँकी पृष्ठ २ मा*


# थारू युवाको वैदेशिक आकर्षण बढे पनि जीवनशैली बदलिएन

■ **राजेन्द्रप्रसाद पनेरू**

*कञ्चनपुर, २६ साउन । कृषि र पशुपालनलाई मुख्य पेसा बनाई जीविका चलाउादै आएका थारू समुदायको पछिल्लो समयमा वैदेशिक रोजगारीप्रति आकर्षण बढे पनि तिनको जीवनशैलीमा कुनै परिर्वतन आउन सकेको छैन ।*

*थोरै जग्गा भएका थारू समुदायका व्यक्ति जीविका चलाउन कृषि पेसाले नधानिने भएपछि तीन वर्षयता वैदेशिक रोजगारीका लागि खाडी मुलुक र मलेसिया जाने क्रममा तीव्रता आएको छ । कृषि र पशुपालन व्यवसायबाट छ महिनामात्र खान पुग्ने भएकाले यहााका थारू समुदायका विपन्न व्यक्तिले अधिया र मजदुरी गरेर वर्षभरिका अन्न र कपडाको जोहो गर्दैआएका थिए । परिवर्तित समयअनुसार वैदेशिक रोजगारीबाट आफ्नो आर्थिक अवस्था सुदृढ हुने आशामा बैंकमा जग्गा धितो राखेर वा दृष्टिबन्धकी गरेर रकमको व्यवस्था मिलाउादै वैदेशिक रोजगारीमा जाने थारू युवाको सङ्ख्या उल्लेख्य छ ।*

*ऋण गरेर वैदेशिक रोजगारीमा जाने थारू युवकले कमाएर ल्याउने रकमबाट घरखर्च चलाउन र ऋण तिर्नमै ठीक्क हुने भएकाले उनीहरूले आफ्नो आर्थिक अवस्थामा खासै परिवर्तनको आभास पाउनसकेका छैनन् । वैदेशिक रोजगार कम्पनीले परिचालन गरेका दलालको प्रलोभनमा परी अधिकांश थारू युवक बिदेसिने गरेका छन् ।*

*अधिकांश थारू युवक मलेसिया, सउदी अरब, कुवेत, कतारलगायतका देशमा मजदुरीका लागि जाने गरेको थारू अगुवा पहरू दहितले बताउनुभयो । उहाँका अनुसार कञ्चनपुरबाट तीन वर्षको अविधमा मात्र एक हजारको हाराहारीमा युवक वैदेशिक रोजगारीमा गएका छन् । सरकारले खाडी मुलुक र मलेसियाका लागि रु ८० हजार दस्तुर निर्धारण गरे पनि दलालले आकर्षक पारिश्रमिक पाइने आश्वासन बाँड्दै रु एक लाखदेखि एक लाख तीस हजारसम्म असुल्ने गरेको शिक्षक विक्रम चौधरीले बताउनुभयो । वैदेशिक रोजगारमा जाँदा अपनाउनुपर्ने सावधानी र जानकारीका अभावमा थारू युवक बढी शुल्क बुझाउन बाध्य छन्– उहाँ भन्नुहुन्छ ।*

*"आफू कुन देश जाादैछु" भन्नेसम्म धेरै युवकलाई जानकारी नहुने गरेकाले दलालले एक कामका लागि भनिएकामा अर्कै काममा पठाउने गरेका र सजिलो काम भनेर धेरै युवकलाई बढी श्रम गर्नुपर्ने जोखिमयुक्त क्षेत्रमा पठाएको चौधरीले बताउनुभयो ।*

*युवा वर्ग वैदेशिक रोजगारीमा लागेपछि कृषिक्षेत्रमा दक्ष जनशक्तिको अभाव*


*बाँकी पृष्ठ २ मा*

# गोलमेचमार्फत् सहमति उत्तम विकल्पः थापा

काठमाडौँ, २७ साउन । नेकपा-माओवादीका महासचिव रामबहादुर थापाले मुलुकको सङ्कट समाधानका लागि गोलमेच सम्मेलन गरी सहमति खोज्नु नै सबैभन्दा उत्तम विकल्प हुने बताउनुभएको छ ।

राष्ट्रिय जनस्वयम्सेवक गुल्मी-काठमाडौं सम्पर्क समिति प्रथम जिल्ला भेलाको शनिबार काठमाडौंमा उद्घाटन गर्दै उहाँले ठूला राजनीतिक दल मात्र नभई सम्पूर्ण दल एवम् सरोकारवालालाई समेटेर गोलमेच सम्मेलन गरी त्यसैलाई सहमतिको प्रस्थान बिन्दु बनाइनुपर्ने बताउनुभयो ।

महासचिव थापाले राजनीतिक दलहरू सङ्कट समाधान भन्दा पनि सङ्कट अरू लम्ब्याउन उद्दत रहेको भन्दै अहिलेको अवस्थामा सबै राजनीतक दल र पक्षहरू एउटै मञ्चमा आउन जरूरी भएको उल्लेख गर्नुभयो ।

# सशर्त संविधानसभा पुनःस्थापना गर्न सकिन्छः वैद्य

काठमाडौँ, २७ साउन । नेकपा-माओवादीका अध्यक्ष मोहन वैद्यले सशर्त संविधानसभा पुनःस्थापना गर्न सकिने बताउनुभएको छ ।

ललितपुरको सानेपामा माओवादीले आयोजना गरेको राष्ट्रिय राजनीतिक अन्तर्क्रिया कार्यक्रमको समापन गर्दै अध्यक्ष वैद्यले यथास्थितिमा संविधानसभा पुनःस्थापनाको पक्षमा आफ्नो पार्टी नभएपनि सशर्त संविधानसभा पुनःस्थापना गर्न सकिने उल्लेख गर्नुभयो ।

उहाँले भन्नुभयो- "राष्ट्रवादीको नेतृत्वमा सरकार गठनको अवस्था, संविधानसभाभित्रैबाट जन्मिएका नयाँ पार्टीहरूको भविष्य सुनिश्चित हुने अवस्था, पार्टीको ह्विप नलाग्ने अवस्था र संविधानका विवादित विषयमा सहमति हुने अवस्थामा संविधानसभा पुनःस्थापनाको पक्षमा हाम्रो पार्टी छ । तर यथास्थितिमा पुनःस्थापनाको पक्षमा हाम्रो पार्टी छैन ।"

अध्यक्ष वैद्यले गोलमेच सभा गरी सो ही सभाबाटै सहमतीय सरकार निर्माण गरी संविधानका विवादित विषयमा सहमति जुटाउँदै अगाडि बढ्नुपर्ने उल्लेख गर्नुभयो ।

उहाँले संविधान नबन्दै केही पार्टीहरूले संसदीय निर्वाचनको कुरा उठाइरहेको भन्दै त्यो आफ्नो पार्टीका लागि स्वीकार्य हुँदैन भन्नुभयो ।

सहमतिका लागि वर्तमान सरकार सबै भन्दा पहिले हट्नुपर्ने उहाँको भनाइ थियो ।

देशमा पार्टीहरूबीच देखिएको अविश्वास कम गर्न र सहमतिका लागि साझा बिन्दु पहिल्याउन आजको कार्यक्रम आयोजना गरिएको उहाँले जानकारी दिनुभयो । रासस

# कामको गुणदोष छुट्टाइदिए सङ्कटको निकास सहजः कोइराला

काठमाडौँ, २७ साउन । नेपाली काँग्रेसका सभापति सुशील कोइरालाले सबै राजनीतिक दललाई एकै दृष्टिकोणले नहेरी उनीहरूले गरेका कामको गुणदोष छुट्टाइदिए राजनीतिक सङ्कटको निकास निकाल्न सहज हुने बताउनुभएको छ ।

"सबै राजनीतिक दललाई एउटै बास्केटमा राखेर हेर्न हुँदैन, काँग्रेस, एमाले, माओवादी वा अरू दल कसको के गल्ती हो प्रष्ट रूपमा औँल्याउनुपर्छ, त्यसले मात्रै राजनीतिक गतिरोधको छिटो निकास निकाल्न सहज हुन्छ," सभापति कोइरालाले भन्नुभयो ।

पर्वत विकास समाज काठमाडौँद्वारा शनिबार राजधानीमा आयोजित घोषणासभा तथा पर्वत विकास पुञ्ज स्मारिका विमोचन कार्यक्रममा सभापति कोइरालाले बाह्रबुँदे, विस्तृत शान्ति सम्झौतादेखि सात र पाँचबुँदे सहमतिसम्मका सम्झौता कार्यान्वयन हुन नसक्दा समस्या ज्यूँका त्यूँ रहेको बताउनुभयो ।

नेपाली काँग्रेसले गल्ती गरेको भए सुधार्न तयार रहेको बताउँदै सभापति कोइरालाले सबै दललाई एकै ठाउँमा राखेर मूल्याँकन गर्नु गल्ती भएको बताउनुभयो ।

कार्यक्रममा सविच बालानन्द पौडेल र राष्ट्रिय योजना आयोगका पूर्व उपाध्यक्ष डा पीताम्बर शर्मालगायतले पर्वतको शिक्षा, स्वास्थ्य, जैविक विविधता र समग्र विकासको लागि नमुना जिल्लाका रूपमा विकास गर्नुपर्ने धारणा राख्नुभएको थियो ।

सो कार्यक्रममा पर्वत विकास मञ्चका अध्यक्ष प्रा. डा. चन्द्रबहादुर श्रेष्ठले पर्वतको पर्यटन प्रवर्द्धन, जैविक विविधता, प्रभावकारी शिक्षा, दिगो विकासका लागि हालसम्म भइरहेको रकम बाँडफाँडको प्रक्रियामा सुधार, कालीगण्डकी लोकमार्ग सम्पन्न गर्नेलगायत सत्रबुँदे घोषणा प्रस्तुत गर्नुभएको थियो ।

कार्यक्रममा मञ्चद्वारा प्रकाशित पर्वत विकास पुञ्जको सभापति कोइरालाले लोकार्पण गर्नुभएको थियो । सो स्मारिकाको प्रधान सम्पादक प्रा. डा. रूद्रप्रसाद उपाध्याय र सम्पादक तिलक भूसाल, गोविन्द शर्मा र चन्द्रबहादुर लामिछाने हुनुहुन्छ । रासस

## शीर्ष...

माओवादीका अध्यक्ष मातृका यादवले दलहरु चाँडो सहमतिमा नपुग्ने हो भने देश मुठभेडमा जाने खतरा औंल्याउनुभयो । रासस

## पहिचानसहितको...

गर्नुभयो ।

समान विचार भएका दलहरुबीच मोर्चा बनाउन लागिएको र सो मोर्चामा नेपाली काँग्रेस र नेकपा(एमाले) लगायतका दलहरु पनि आउने विश्वास उहाँले व्यक्त गर्नुभयो । रासस

## नेपाल...

तथा नेपाली काँग्रेस र नेकपा एमालेले बनाएका कुनैपनि मोर्चाले मुलुकलाई निकास दिन नसक्ने दावी पनि गर्नुभयो ।

'मुलुकको वर्तमान राजनीतिक र संवैधानिक सङ्कट अन्त्यका लागि सर्वपक्षीय गोलमेच सभाको आयोजना गर्न आवश्यक छ,' उपाध्यक्ष तथा संयोजक गजुरेलले भन्नुभयो- 'अब मोर्चाले कामचलाउ प्रधानमन्त्रीका हैसियतमा सरकार हाँक्न खोज्नेलाई हटाएरै छाड्ने छ ।'

मोर्चाले मुलुकको राजनीतिक निकास खोज्ने भन्दै आन्दोलनका कार्यक्रमसमेत अघि सारेको छ । आगामी साउन ३० देखि भदौ १६ गतेसम्म मुलुकभर सभा, प्रदर्शन र अन्तरक्रिया गरिने पत्रकार सम्मेलनमा जानकारी दिइयो ।

मोर्चाले सर्वपक्षीय गोलमेच सभाको आधार तयार गर्नका लागि भूमिका निर्वाह गर्ने र त्यसका लागि आगामी साउन ३० गते राजधानीमा बृहत् अन्तरक्रियाको आयोजना गर्ने भएको छ ।

आठवटा दल तथा सङ्गठन यो मोर्चा छन् । नेकपा-माओवादी, नेकपा एकीकृत, क्रान्तिकारी कम्युनिष्ट पार्टी नेपाल, संघीय लोकतान्त्रिक राष्ट्रिय मञ्च, ताम्सालिङ नेपाल राष्ट्रिय दल, नेपाल नागरिक पार्टी, थारू मुक्ति सङ्ग्रामलगायत यो मोर्चामा आवद्ध छन् । रासस

## अठारौं ...

भृकुटीमण्डप पुगेका थिए ।

फरक-फरक पहिचान र भेषभूषामा सजिएका आदिवासी जनजातिको उपस्थितिका कारण भृकुटीमण्डप झकिझकाउ देखिन्थ्यो । भद्रकालीबाट झाँकिसहितको र्‍यालीले सुन्धारा-रत्नपार्कहुँदैं भृकुटीमण्डप पुग्ने रूट तय गरेको भएपनि अविरल पानी परेकाले र्‍याली भने स्थगन गर्नुपरेको थियो ।

राजधानीको सडकमा र्‍याली निकाल्न नपाउँदा केही निराशा भएका आदिवासीहरुले भृकुटीमण्डपको प्राङ्गणमा भने पानीको प्रवाह नगरी आ-आफ्नो झाँकी प्रदर्शन गरेका थिए । औपचारिक कार्यक्रमको चाँजोपाँजो मिलाउने काम गरेको नेपाल आदिवासी जनजाति महासंघले प्रमुख अतिथि, विशिष्ठ अतिथिहरुको समयभावलाई ध्यान दिँदै छोटो मिठो कार्यक्रम गरेको थियो । त्यही भएर होला प्रमुख अतिथि पुग्नुअघि नै आयोजकले औपचारिक कार्यक्रमको सुरूवात गरिसकेको थियो ।

औपचारिक कार्यक्रमको सुरूवात जनजातिहरुको संस्कृति झल्किने झाँकी प्रदर्शनबाट गरिएको थियो । कार्यक्रमका प्रमुख अतिथि सहभागीहरुले झाँकी प्रस्तुत गर्दैगर्दा पुगेका थिए । कार्यक्रमको बीचमा पुगेका प्रधानमन्त्रीले सहभागीहरुले प्रदर्शन गरेका झाँकीलाई निकै चाखपूर्वक अवलोकन गरेका थिए ।

प्रधानमन्त्रीलगायत अतिथि र दर्शक दीर्घामा बस्ने सहभागीहरुले आदिवासी जनजातिहरुको गीत सामूहिकरूपमा गाउँदा भने भृकुटीमण्डप नै संगीतमय बनेको थियो । त्यतिबेला सबैको ध्यान प्रधानमन्त्रीतर्फ गएको थियो । त्यति मात्र होइन भाषणको बीचमा पनि विभिन्न समुदायले प्रस्तुत गरेका नृत्य र गीतले सबैलाई मनोरञ्जन दिएको थियो ।

कला र संस्कृतीका धनी आदिवासीहरुले औपचारिक कार्यक्रम स्थलअघिको मञ्चमा धीत् मरूञ्जेल आफ्नो पहिचान झल्किने झाँकी तथा नृत्य प्रस्तुत गर्न नपाए पनि बाहिर भने आ-आफ्नै धुनमा गीत संगीतमा र माइरहेका देखिन्थे ।

प्रधानमन्त्री बाबुराम भट्टराईले पहिचान र अधिकारसहितको संविधान जारी हुने सुनिश्चितता भए आफू जुनसुकै बेला पद त्याग्न तयार रहेको बताउनुभएको भयो । विश्व आदिवासी दिवसको अवसरमा राजधानीमा भएको कार्यक्रममा प्रधानमन्त्री भट्टराईले आफू सबै क्षेत्र वर्ग समुदाय र जातजातिको पहिचानसहितको संघीयताको पक्षमा रहेको बताउनुभयो । आफ्नो पूरै जीवन आदिवासी, महिला, दलित, मधेसी, मुस्लिम र उत्पीडितको अधिकारको पक्षमा खर्च गरेकाले उनीहरुको अधिकारको ग्यारेण्टी भए प्रधानमन्त्रीको पद तत्काल छाड्न आफू तयार रहेको उहाँले बताउनुभयो ।

प्रधानमन्त्रीले संघीयताका पक्षधर र विपक्षीहरुबीचको द्वन्द्वका कारण संविधान सभाको अवसान हुने अवस्था आएको जिकिर गर्नुभयो । सरकार र दलहरुसँग कुनै पनि विकल्प नभएका कारण संविधान सभा विघटन भएको प्रधानमन्त्रीको भनाइ थियो । उहाँले एकात्मक शक्तिको अवशेषको रूपमा रहेका दलहरुका कारण आदिवासीका अधिकार सुनिश्चित हुन नसकेको बताउनुभयो ।

कार्यक्रममा एमाले उपाध्यक्ष अशोक राईले जस्तोसुकै चुनौतीसँग जुधेर भएपनि उत्पीडित जाति जनजातिका अधिकार सुनिश्चित गराउन आफूहरु लागिपरेको बताउनुभयो । पहिचानसहितको संघीयता र जनजातिहरुको अधिकार सुनिश्चितताका लागि संविधानसभा पुनर्स्थापना गरिनुपर्ने उहाँको धारणा थियो । नेता राईले यथास्थितिवादी शक्तिहरुको दबाबका पछि लागेर विवादमा नमुछिन समेत प्रधानमन्त्रीको ध्यानाकर्षण गराउनुभयो । साथै, नेता राईले अब एमाले लाई सच्याएर लान नसकिने निश्चित भएकोले आफूहरु अलग्गै पार्टी खोलेर जान लागेको पनि जानकारी गराउनु भयो ।

सभामा बोल्दै आदिवासी जनजाति महासंघका अध्यक्ष राजकुमार लेखीले संघीयताको विपक्षमा जो कोही उभिएपनि प्रतिकार गरेर अघि बढ्ने चेतावनी दिनुभयो । तीन दलका नेताहरुको मात्र शासन नेपालमा नचल्ने भन्दै उहाँले पहिचानसहितको संघीयता र अधिकार नभएको संविधान जारी गर्न कोसिस नगर्न खबरदारी गर्नुभयो ।

प्रमुख राजनीतिक दलप्रति रुष्ट देखिनुभएका लेखीले तीन दलका नेताहरु असक्षम भएको भन्दै ती नेताहरुको बहिष्कार अभियान सुरू गर्नुपर्ने धारणा राख्नुभयो ।

सदभावना पार्टीका सहअध्यक्ष लक्ष्मणलाल कर्णले ३० प्रतिशत गैर-जनजातिले ७० प्रतिशत जनजाति र मधेसीमाथि शासन गरेको भन्दै नयाँ राजनीतिक पार्टी स्थापना गरेर आदिवासी जनजाति र पिछडिएको वर्गलाई नेतृत्व तहमा पुर्‍यायाउन जनजाति अगुवाहरुलाई सुझाव दिनुभयो ।

नेपाली कांग्रेसका नेता आईबी गुरूङले संविधान सभाको विघटन हुनुमा सबै दलका बाहुनवादी शीर्ष नेताहरूको हात रहेको बताउनु हुँदै अब ती सबै दलमा रहेका आदिवासी जनजाति, मधेशी र उत्पीडित जनताका प्रतिनिधि नेताहरूले नयाँ दल खोल्न लागेको बताउनु भयो ।

सभामा महासंघक पूर्व अध्यक्ष तथा सभासद पासाङ शेर्पा, नेकपा एमालेका राजेन्द्र श्रेष्ठ, संघीय लोकतान्त्रिक राष्ट्रिय मञ्चका खगेन्द्र माखिम, महासंघका पूर्व महासचविहरु बालकृष्ण माबुहाङ र परशुराम तामाङ लगायतले बोल्नु भएको थियो ।

कार्यक्रममा विभिन्न दलका आदिवासी जनजाति नेता तथा अगुवाहरुले आफूहरुले जनजाति समुदायको आवाज उठाइरहँदा अन्य जातजातिको पनि अधिकारको सम्मान र रक्षा गर्ने प्रतिपद्धता जनाएका थिए ।

## थारू युवाको...

हुन थालेकोप्रति चिन्ता व्यक्त गर्दै थारु राजनीतिकर्मी लक्ष्मण चौधरीले भन्नुभयो- दक्ष युवा जनशक्ति वैदेशिक रोजगारमा जान थालेपछि कृषिको उत्पादकत्वमा समेत ह्रास आउन थालेको छ ।

नेपाल आदिवासी जनजाति पत्रकार सङ्घ, कञ्चनपुरका उपाध्यक्ष दानसिंह डगौरा थारु युवाको वैदेशिक रोजगारमा आकर्षण बढ्नामा कृषिको आधुनिकीकरण नहुनु र परिवारको खर्च धान्न नसक्नु नै प्रमुख कारक भएको बताउनुहुन्छ ।

कृषि पेसाबाट परिवारको जीविका चलाउन नसकेकाले नै थारु युवकको बिदेसिने क्रम बढेकाले सरकारले आवश्यक मल, बीउबीजन, कृषि उपजको मूल्य निर्धारण एवम् बजारीकरणको व्यवस्था गरेर उनीहरुलाई बिदेसिनबाट रोक्न सक्नुपर्ने सुझाव उहाँ दिनुहुन्छ ।

पिपलाडीका वालकिसन चौधरी गाउँका अन्य युवाले वैदेशिक रोजगारीमा गएर पैसा कमाएको देखेर आफ्ना दुई छोरालाई विदेश पठाएको बताउनुहुन्छ । उहाँले थप्नुभयो– पहिला घरमा छोरा हुँदा डेढ बिघा खेत आफैँले कमाउँदै आएका थियौँ, छोरा विदेश गएपछि खेतमा बाली लगाउने व्यक्ति नभएकाले अधियामा कमाउन दिएका छौँ, अधियाबाट आएको अन्नले नौ महिना खान पुग्छ, अन्य तीन महिनाका लागि छोराले विदेशबाट पठाएको पैसाबाट अन्न खरिद गर्ने गरेका गर्छौं ।

वैदेशिक रोजगारमा जाने अधिकांश थारु समुदायका युवकले मासिक पन्ध्रदेखि बढीमा रू २५ हजारसम्म कमाउने गरेका छन् । विदेशको कमाइबाट उनीहरुका परिवारको अवस्थामा खासै परिवर्तन नआए तापनि वर्षभरिका लागि खान र छोराछोरीलाई निजी विद्यालयमा पढाउन भने सघाउ पुगेको बताइन्छ । बैंकबाट ऋण लिएर तीन छोरालाई वैदेशिक रोजगारमा पठाएका मणिराम चौधरीले भन्नुभयो-पूरै परिवारका लागि वर्षभरि खेती गरेर खान पुग्ने अवस्था छैन, बेरोजगार भएर बस्नुभन्दा विदेशबाट पैसा कमाएर ल्याएपछि परिवारको अवस्था सुदृढ हुन्छ कि भनेर छोरालाई विदेश पठाएका हौं । छोराहरुले विदेश गएको नौ महिनामै रू एक लाख पचास हजार पठाएका छन्, त्यही र कमबाट अधिया लगाउँदै आएको जग्गा ठेक्कामा लिएर खेती गरेर परिवारका लागि अन्न र लुगाफाटो जुटाउँदै आएको पनि उहाँले बताउनुभयो ।

वैदेशिक रोजगारमा गएका परिवारको अवस्थामा खासै परिवर्तन नआएको बताउँदै थारु सामाजिक कार्यकर्ता धनबहादुर चौधरी भन्नुहुन्छ– उनीहरुले पठाएको रकम उत्पादनशील क्षेत्रको सट्टा घरजग्गा र मोटरसाइकल किन्नमै बढी खर्च भएको छ । तीन वर्षअघि मलेसिया पुगेर फर्केका मानबहादुर चौधरी भने पैसाकै लागि बिदेसिनु राम्रो नभएको तर्क गर्नुहुन्छ । वैदेशिक रोजगारमा भन्दा थोरै पुँजीमा भए पनि आफ्नै खेतमा तरकारी खेती गर्न सके बढी कमाउन सकिने, परिवारसँगै सुखदुःखमा रमाउन पाइने चौधरीले बताउनुभयो । मालिकले भनेको जुनसुकै बेला कामका लागि तयार हुनुपर्ने बाध्यता छ, कतिपयले त काम गर्न नसकेर आत्महत्या गरेका खबरसमेत पत्रपत्रिकामा पढेकै हुँ– उहाँ थप्नुहुन्छ ।

दलालले अधिकांश युवकलाई भारतीय विमानस्थलको प्रयोग गरी विदेश पठाउने गरेकाले उनीहरु बढी जोखिममा रहेको नेपाल कमासु समाजका अध्यक्ष भागीराम चौधरीले बताउनुभयो । दलालमार्फत भारतीय विमानस्थल प्रयोग गरेर कतार पुगेका पिपलाडी-६ का लालबहादुर चौधरीले नक्कली भिसाका कारण आफू छ महिना जेलमा बसेर घर फर्कनुपरेको पीडा सुनाउनुभयो ।

स्थानीय थारु अगुवा सुरेश चौधरी विदेश जानुअघि वैदेशिक रोजगार विभागबाट श्रम स्वीकृति लिनुपर्ने, अभिमुखी तालिम, बिमा, वैदेशिक रोजगार कम्पनीसँग रकम बुझाएको सक्कली रसिद लिनुपर्ने र ठगीमा परे वैदेशिक रोजगार विभागमा उजुरी गर्नुपर्छ भन्नेबारे चेतना नभएकै कारण अधिकांश थारु युवा दलालमार्फत भारतीय विमानस्थलको प्रयोग गर्दै वैदेशिक रोजगारमा जाने गरेको जानकारी दिनुहुन्छ ।

रोजगारीका लागि विदेश जानेमा थारु युवकको सङ्ख्या बढी भए पनि हालसम्म थारु युवती गएको भने कुनै अभिलेख छैन । जिल्ला प्रशासन कार्यालय कञ्चनपुरका अनुसार जिल्लामा आव ०६८/६९ मा एक हजार ३१२ जनाले राहदानी बनाएका छन् । तीमध्ये पाँच प्रतिशतभन्दा बढी राहदानी थारु युवकले बनाएको राहदानी फाँटका नायबसुब्बा पदमराज भट्टले बताउनुभयो । हाल ११० जनाले राहदानीका लागि आवेदन दिएको र त्यसमा ९० प्रतिशतभन्दा बढी खाडी मुलुक जाने युवा नै बढी रहेको बताइएको छ । रासस

# एमाले फोड्ने होइन छोड्नेवाला छौं : राई

**अशोक राई**



*नेपाली जनताको माझमा एकपटक छाएको दल एमाले अहिले आएर यो पहिचानसहितको संघीयताको विरुद्धमा उभिनुको मुख्य कारण के रहेको छ ?*

यसरी पार्टीकै हरेक निर्णयहरूलाई उल्टाउने कुराहरूका बारेमा उहाँहरूलाई नै बढी थाहा छ, मसँगको छलफलमा 'तपाईंहरू पार्टीले गरेका निर्णयहरू कार्यान्वयन गर्न किन अनिच्छुक हुनुहुन्छ ?' भन्दा यो निर्णयलाई कार्यान्वयन गरियो भने मुलुक चिरा चिरा पर्छ, जातीय दङ्गा र साम्प्रदायिकता खलबलिन्छ। हिंसा र रक्तपात बढेर जान्छ। त्यसो भएको हुनाले यसलाई कार्यान्वयन गर्न सकिँदैन भन्ने जवाफ पाएको छु। जहाँसम्म मेरो मान्यता, विश्लेषण र निष्कर्षमा चाहिँ पार्टीले गरेका पहिलाका निर्णयहरूलाई कार्यान्वयन गऱ्यो भने मात्र मुलुकको राष्ट्रियता बलियो हुन्छ। पहिचान मागिरहेका सबै जनता, जाति र समुदायहरू खुसी भएर आपसी सद्भावलाई उन्नत बनाउँदै अगाडि जान सक्दछन्। दिगो शान्ति कायम हुनसक्दछ। त्यस स्थितिमा मात्र हामी आर्थिक सबलताका साथ समुन्नत मुलुकमा दर्ज हुन सक्दछौं। जसरी अहिले उहाँहरूले बहुपहिचानसहितको मिश्रित नामाकरण ल्याउनुभएको छ, हामी त्यो बाटोमा गयौं भने मुलुक दुर्घटनामा फस्दछ भनेर पनि भनेको छु।

*एमालेले गरेका विगतका निर्णयहरू हचुवाको भरमा पो गरेको थियो कि ?*

एमालेले गरेका विगतका निर्णयहरू हचुवाको भरमा भएको मलाई लाग्दैन। यस विषयमा हामी विगत २७ वर्षदेखि व्यापक छलफल र बहस गर्दै विभिन्न निर्णयहरू गर्दै आएका छौं। फेरि त्यस्ता निर्णयहरू कुनै बहुमत र अल्पमतबाट पनि गरिएका होइनन्। सर्वसम्मतले नै निर्णय गर्दै आएका हौं। अहिले आएर उहाँहरू ती निर्णयहरू उल्टाउने निर्णयमा पुग्नुभएको छ, त्यस्तो स्थितिमा किन पुग्नुभो भन्ने प्रश्नको जवाफ मैले सही ढङ्गले पाउन सकेको छैन। उहाँहरूले जुन जवाफ दिनुभएको छ र जुन तर्कको आधारमा निर्णयहरू उल्टाउने चेष्टा गर्नुभो। त्यो कुनै मानेमा पनि मान्न सकिने छैन।

*एमालेका नेताहरूको अभिव्यक्ति सुन्दा संघीयता विरोधी जस्तो देखिन्छ, तपाईंलाई कस्तो लाग्छ ?*

संघीयता र गणतन्त्रको सवालमा हाम्रो पार्टीमा दुई धार थियो। यस विषयमा चाहिँ एमालेलाई राष्ट्रिय राजनीतिले घिसारेर यहाँसम्म ल्याएको हो, यो कुरा प्रस्टै छ। यसका लागि विगतका पार्टीका दस्तावेज र नेताहरूको अभिव्यक्ति प्रमाणको रुपमा रहेको छ। तर जे जस्तो भए पनि पार्टीले जुन दिनदेखि औपचारिक रुपमा संघीयता र गणतन्त्रको पक्षमा उभिने निर्णय गऱ्यो। त्यसपछि चाहिँ यो दल सो निर्णायबाट कुरा फर्किनेवाला थिएन, छैन। तर आज आएर पहिचानसहितको संघीयतालाई अझ जटिल बनाएर त्यसलाई प्रशासनिक संघीयतामा परिणत गरे। केवल प्रदेश भनेको प्रशासनिक एकाइ मात्र हुन् भन्ने सोच राखेका छन् भन्ने अनुमान गर्न सकिन्छ।

*एमालेभित्रका संघीय र पहिचान विरोधीहरूलाई पाखा लगाएर एमालेमै बस्ने स्थिति रहेन ?*

पहिलो कुरा एमालेभित्रका हजारौं लाखौं नेता कार्यकर्ताले मलाई प्रेम गर्नुहुन्छ, त्यसका लागि म आभारी छु। तर पार्टी भनेचाहिँ नेताले नै हाँक्ने हो। जसले स्टेयरिङ समातेको छ, जसले गाडी हाँकेको थिए, उनीहरूले पार्टीलाई गलत दिशामा लगिसके। विगतमा गरेका आफ्नै प्रतिवद्धता र निर्णयहरूलाई कार्यान्वयन नगर्ने उसको यो निर्णयले जनताको माझमा अविश्सनीय ठहरी सकेको छ। उसको साख पनि कमजोर भइसक्यो। दोस्रो, वर्तमान नेपालको राजनैतिक परिस्थितिको समाधानको लागि नेताहरूले जुन बाटो अङ्गीकार गरेका छन् त्यो प्रतिगामी छ र यस किसिमको प्रतिगमनकारी निर्णय नेतृत्वले निरन्तर गर्न थालेको छ। यसलाई कार्यकर्ताले सच्याउने सम्भावना धेरै कम रहेको छ। अर्को हामीले किन अलग समूह बनाएर जानुपऱ्यो भन्ने सवालमा अहिले आदिवासी जनजाति, मधेसी, दलित, मुस्लिम, महिला, खसानका जनता र सारा उत्पीडित जनताहरू सबैले महसुस गरेका छन्। एमालेले हाम्रो मागलाई सम्बोधन गर्न सकेन, हाम्रो सारा चाहना, इच्छामाथि बज्रपात गरेको छ भन्ने सबैले बुझेका छन्। अझ त्यसमाथि शान्ति र संविधान पनि दिएनन्। यसका साथै यो मुलुकलाई टकरावमा लानका लागि मोर्चाबन्दी गर्दै हुनुहुन्छ। यस्तो स्थितिमा नेपाली जनताले नयाँ विकल्पको खोजी गरिरहेका बेला निश्चित रुपमा यो प्रतिगमनलाई बोकेर हिँड्नुभन्दा नयाँ विकल्प दिने बाटोको खोजी गर्नुचाहिँ उपयुक्त हुन्छ, त्यो जनताको चाहना अनुरुप हुन्छ भनेर नै मैले अलग विचार समूह निर्माण गर्ने सोच बनाएको हुँ।

*एमालेलाई सुधार्नका लागि पार्टी अन्तरसङ्घर्षको माध्यमबाट तपाईंको कस्तो भूमिका खेल्नुभयो ?*

पहिलो कुरा त संविधानसभाका सभासदज्युहरूले नै धेरै सङ्घर्ष गर्नुभयो। ५१ जनाले हस्ताक्षर गरेर पहिचान सहितको संघीयतामा जानका लागि सिङ्गै संविधानसभाका सभासदहरूलाई पनि आह्वान पनि गर्नुभयो। त्यसमा मैले पनि समर्थन गरेको थिएँ। अर्को कुरा केन्द्रीय समितिका धेरै साथीहरूले एकल पहिचानका आधारमा नै प्रदेशहरूको नामाकरण गरिनुपर्छ भनेर जोडदार आवाज उठाउनु भएको थियो। त्यस्तै यो कुरालाई स्थायी समितिमा मैले निरन्तर अडान लिइरहें। यसको लागि मैले प्रत्येक नेताहरूलाई उनीहरूको घरघरमा गएर सल्लाह, छलफल गरैं। तर पछिल्लो समयमा यी कुराहरूमा नेतृत्व र केही साथीहरूबाट उल्टो उल्टो कुरा हुन थाले पछि यसमा सहमति सम्भव देखिनँ र पार्टीका विभिन्न बैठकहरू बहिष्कार गर्न थालैं। केही साथीहरू पार्टीभित्रै अन्तरपार्टी सङ्घर्ष गरेर पार्टीलाई सुधारेर जान सकिन्छ भन्ने विश्वासमा हुनुहुन्थ्यो। यसमा मैले उहाँहरूलाई स-सम्मान यो पनि गर्नुहोस् भनैं। मुख्य कुरा उत्पीडितहरूको मुद्दालाई सम्बोधन गरेर राष्ट्रिय एकतालाई बलियो बनाएर अगाडि बढ्नु नै आजको मुख्य कार्य भएकाले त्यसमा तपाईं हामी सबै मिलेर अगाडि जाऔं पनि भनेर उहाँहरूलाई पार्टीभित्रै सङ्घर्ष गर्नुहोस् भनैं। तर पछिल्लो समयमा केन्द्रीय समितिले विगतमा भएको पार्टीको एकल पहिचानको निर्णयलाई पनि उल्टाई छाड्यो। स्थायी समितिले संविधानसभाको पुनःस्थापनाको सम्भावनालाई पनि उल्टाइ दियो। यति मात्र नभएर हामीलाई स्पष्टीकरण सोध्ने काम भयो र जिम्मेवारीमुक्त पनि गरियो। यसमा मैले जे देखेको थिएँ त्यो सत्य साबित भएरै छाड्यो।

*साउन २४ गते बेलुका तपाईंले झलनाथलाई भेट्नुभयो भन्ने कुरा छ, के यो सत्य हो ?*

यो सत्य हो, विश्वविद्यालयका केही विद्यार्थी साथीहरूले हामी मध्यस्थकर्ताको काम गर्छौं। तपाईंहरूले राख्नुभएको ९ बुँदे माग सही छ। यसमा हामी पार्टीलाई दबाब दिन्छौं, मान्न बाध्य पार्छौं। यदि पार्टी यस कुरामा सहमत भएन भने हामी पनि तपाईंहरूकै समूहमा जान्छौं भनेर भनेपछि अध्यक्षसँग कुरा गर्न किन नजाने भनेर गएको हुँ। त्यसमा विगतका केही समीक्षा भए, जुन हाम्रो माग ९ बुँदेमा प्रस्तुत थियो। यदि त्यो सम्बोधन भएन भने हामी पार्टीभित्र रहन सक्दैनौं भनेर पनि मैले भनैं। तपाईंहरूले हामीलाई पार्टीमा नबसोस् भन्ने सन्देश पनि दिइसक्नु भा'छ। त्यसकारण तपाईंहरूले केन्द्रीय समिति र स्थायी समितिमा जे निर्णय गर्नुभयो, त्यो उल्टिन्दैन भन्ने मलाई लागेकाले हाम्रो माग भनेको हामीले ९ बुँदेमा जे लेखेर दिएका थियौं त्यहीअनुरुप नै हाम्रो पार्टीमा बस्ने स्थिति समाप्त भएर गएको छ भन्यौं।

*पहिला एमालेबाट माले भएर छुट्नु र अहिलेको असन्तुष्ट पक्ष विभाजित हुनुमा फरक के छ ?*

पहिलाको विभाजन राष्ट्रियताको सवाल थियो। त्यसले प्रत्येक व्यक्तिलाई छुन सकेको थिएन। त्यो भनेको टनकपुरको सवाल थियो। तर अहिले भने पहिचानको सवाल भएकाले तलबाट जनताले तपाईंहरू कहिले पार्टी खोल्नुहुन्छ ? खुट्टा पो कमाउँदै हुनुहुन्छ कि क्या हो भनेर निरन्तर कुरा आइरहेको छ। किनभने अहिलेको विषयले प्रत्येक उत्पीडनमा परेका नेपालीलाई छुँदो रहेछ। त्यसैले सारा नेपालीलाई छुने मुद्दाका लागि किन पछि पर्ने भनेर हामी यसमा अग्रसर हुने सोच बनाएका छौं।

*वैचारिक हिसाबले यो जातीय पहिचानको मुद्दालाई अङ्गीकार गर्नु कम्युनिष्टहरूको मार्गदर्शन विपरीत पो भएर हो कि ?*

मार्क्सवादी दर्शनले निर्देशन गरेको कुरालाई आत्मसात गर्न अस्वीकार गर्ने, त्यसलाई एकपाखे र एकपक्ष हिसाबले व्याख्या गर्ने स्थिति भएको हुनाले हामीले पार्टीभित्र त्यसका विरुद्ध सङ्घर्ष गरेका हौं। मार्क्सवादले आर्थिक क्षेत्रमा पछि परेकाहरूको लागि वर्ग सङ्घर्षका माध्यमबाट ती उत्पीडनलाई समाधान गर्न खोज्छ भने सामाजिक क्षेत्रमा विद्यमान भएको धार्मिक, जातीय, संस्कृति, भाषिक, रङ्गभेदी, वर्णभेदी, लैङ्गिक जो उत्पीडनहरू छन् तिनका विरुद्धमा पनि सङ्घर्ष गर्नुपर्ने वकालत मार्क्सवादले गर्दछ। अर्थात् सबै खालका उत्पीडनलाई उन्मूलन गरेर समानता स्थापित गर्नु मार्क्सवादको उद्देश्य हो। अनि यो उद्देश्यबाट विचलित हुँदै हाम्रो पार्टीका नेता कार्यकर्ताहरू यस्ता पनि देखिनुभयो कि जब सामाजिक न्यायको कुरा उठ्छ, विद्यमान उत्पीडनहरूको मुक्तिको प्रश्न उठ्छ तब उहाँहरू भन्नुहुन्छ- ओहो, तपाईंहरू वर्ग सङ्घर्षको कुरा गर्ने अनि जातीय, सांस्कृतिक, लैङ्गिक अधिकारको कुरा गर्ने ? यो त मार्क्सवाद विरोधी कुरा भयो भनेर एकपाखे बन्ने जुन अबस्था देखियो यो आफैमा मार्क्सवादको गलत बुझाई र व्याख्या हो।

*एमालेमा जस्तो असन्तुष्ट समूहहरू पार्टीमा पनि देखिएको अवस्थामा अब अघि बढ्ने सही बाटो के हुन सक्ला ?*

पहिचानको मामलामा मुलुकमा विद्यमान ठूला दलहरू चुके। यसमा आदिवासी जनजाति, मधेसी, दलित, मुस्लिम, महिलाले दबाब दिएपछि एकल पहिचानमा अडेको हो। तर एमाले र काङ्ग्रेसले त यति पनि गर्न तयार भएनन्। अब म एमाले फोड्ने होइन छोड्नेवाला छु। म एमालेबाटै छुटेको अर्को पार्टी बनाउने पक्षमा छैन। न कुनै कार्यालयमा वा पार्टीको सम्पत्तिमा विवाद गर्नेछु। म त एमालेका नेताहरूसँग विश्वास रहेन भनेर पार्टी छोडेर अलग्गिन चाहिरहेको छु। यही सवालमा एमालेभित्र रहेका असन्तुष्ट साथीहरू पनि पार्टी परित्याग वा राजीनामा दिएर उहाँहरू अलग्गिनु हुनेछ। त्यसपछि हामी नयाँ परिवेश तथा जनताको नयाँ शक्ति तथा विकल्पको खोजीको सम्बोधन गर्ने प्रयत्नमा हामी लाग्नेछौं।

*अहिले नयाा दल बनाउने भन्दै हुनुहुन्छ। सुन्नमा आदिवासी जनजातिहरूकै नेतृत्वमा ३ वटा दल बन्ने सम्भावना छ भनिन्छ नि ?*

साना दलहरू मिलेर एउटा सबल पार्टी बन्नु सकारात्मक कुरा हो। जहाँसम्म नयाँ शक्तिको रुपमा दल बनाउने कुरा छ, यो चाहिँ धेरैमा विभाजन भएर धेरै पार्टी बनाउएर सङ्ख्या मात्र थपेर जानु नकारात्मक कुरा हो। अहिले हामीसँग पार्टीका लागि पार्टी नभएर शक्तिका लागि पार्टीको आवश्यकता भएको छ। त्यसैले शक्ति निर्माणको लागि साना दलहरू पनि एकै ठाउँमा आएर जनजाति, मधेसी, दलित, मुस्लिम, खसान क्षेत्रका आर्थिक रुपमा उत्पीडनमा परेका सबै जाति, क्षेत्र, लिङ्गका जनताहरू अटाउने राष्ट्रिय विकल्प निर्माण गर्नुचाहिँ हाम्रो अहिलेको सोच हो। यसमा हामी कति सफल हुन्छौं भन्ने कुरा त आगामी दिनका परिणामले नै बताउनेछ।

*महासङ्घले त पार्टीको प्रस्तावित नाम र घोषणा पत्र ल्याइसक्यो, तपाईंहरूको के हुँदैछ ?*

हाम्रो पनि अवधारणा पत्र बनाउने प्रक्रिया चलिरहेको छ। महासङ्घको कार्यदलले ल्याएको अवधारणा वा घोषणा पत्रको पनि हामी अध्ययन गर्नेछौं। यसपछि हामी विभिन्न बुद्धिजीवी, नेता, कार्यकर्तासँग छलफल गर्नेछौं। हामी त्यसलाई प्रस्तावित रुपमा ल्याउनेछौं र त्यसलाई हामी सार्वजनिक गर्नेछौं। तसर्थ अब बन्ने दलको अवधारणा पत्र २/४ जनाको विचारमा मात्र बनाइनु हुँदैन भन्ने हाम्रो सोचाइ छ।

*अब बन्ने दलको वैचारिक धरातल मार्क्सवाद नै हुने हो कि कस्तो हुन्छ ?*

यो कुरा त छलफलले टुङ्गो लगाउने कुरा हो। मार्क्सवाद भनेको युरोपमा पुँजीवादको युवा अवस्थामा निर्माण भएको दर्शन हो। यो सार्वभौम छ, त्यसका कतिपय सैद्धान्तिक पक्षहरू लेनिनकै समयमा आइपुग्दा असान्दर्भिक भइसकेका थिए। लेनिनले रचनात्मक हिसाबले रुसमा "संसारका मजदुर र उत्पीडित राष्ट्रहरू एक हौं" भन्ने नारा दिए र उत्पीडनमा परेका जातिहरूलाई उन्मुक्तिका लागि मार्ग निर्देशन गर्नुभयो। उहाँले रुसी उच्च जातीय अहङ्कारको विरुद्धमा सङ्घर्ष गर्नुभएको छ। त्यस्तै चीनमा पनि माओले हान उच्च जाति अहङ्कारको विरुद्धमा सङ्घर्ष गर्नुभएको हामी पाउँछौं। पछिल्लो समयमा दक्षिण अफ्रिकामा नेल्सन मण्डेलाले रङ्गभेदको विरुद्धमा सङ्घर्ष गरिरहेको समयमा दक्षिण अफ्रिकी कम्युनिष्टका प्रतिनिधि चीन गएका थिए। त्यतिखेर माओले उनीहरूलाई भनेका थिए, जातिभेद, रङ्गभेद पनि प्रकारान्तरले वर्ग सङ्घर्ष नै हो। यसर्थ मार्क्सवादलाई आफ्नो देशको ठोस परिस्थिति अनुकूल प्रयोग र विकास गर्न जहाँका नेताले गर्न सक्छन्, त्यहाँका नेताले सफलता प्राप्त गर्न सक्छन्। जहाँका नेताले यो कार्य गर्न सक्दैनन्, तिनीहरूले निश्चित रुपमा असफलता प्राप्त गर्छन्। खासगरी भारत नेपाल जस्ता हिन्दू धर्म अपनाइरहेका देशहरूमा यो वर्णव्यवस्थाको स्तरीकरण गरिएको छ यो आफैमा धार्मिक सांस्कृतिक अवधारणा मात्र होइन। यो आर्थिक अवधारणासँग पनि जोडिन पुग्छ। तसर्थ यो वर्ण व्यवस्था अन्तर्गत उत्पीडनमा परेका मुक्तिका निम्ति बोल्ने सिद्धान्तलाई पनि अगाडि बढाउनु पर्दछ। अर्को कुरा नेपालजस्तो मुलुकमा एउटा जाति, भाषा, धर्म र संस्कृतिको हालीमुहाली रह्यो र राजनीतिमा सधैंभरि एउटै जातको प्रभुत्व हुनेजस्तो अवस्था जो रह्यो। यो स्थितिबाट उत्पीडनमा परेका जनताहरूले पहिचान र समानता खोजिरहेका छन् भने यो आफैमा ठूलो सिद्धान्त र नीतिको प्रश्न पनि हो। पहिचानको राजनीति आफैमा दर्शनसँग पनि जोडिन्छ र नीतिसँग पनि जोडिन्छ। हाम्रो नीतिहरू सही भएर मात्र पुग्दैन यसलाई कार्यान्वयन गर्ने नेतृत्व पनि इमान्दार हुनुपर्छ भन्ने कुरा मार्क्सवादले विश्वास गर्दछ। तसर्थ अब बन्ने नयाँ शक्तिको नेतृत्व र नीति दुवै सही हुन जरुरी छ।

*अहिलेको राजनीतिक निकासको सही उपाय के हुन सक्दछ ?*

यसका लागि सहमति गरी संविधानसभा पुनःस्थापना गरेर संघीय संविधान जारी गर्नु र राष्ट्रिय सहमतिको सरकार बनाउनु नै हो। यो मात्र अहिलेको सही र सटिक उपाय हो। ■

## सम्पादकीय

# बहुल-राष्ट्रिय पार्टीको प्रस्ताव र चुनौती

मुलुकमा पहिलेदेखि राज गर्दै आएका पुराना दलहरुले यहाँका उत्पीडित आदिवासी जनजाति, मधेशी, मुस्लिम, दलित, मुस्लिम, खसान क्षेत्र र महिलाहरुको मुक्तिका खातिर पहिचानसहितको संघीयताको पक्षमा नरहेको भनी विद्रोह गर्दै नयाँ पार्टीको प्रस्ताव सार्वजनिक गरेका छन् ।

यो नयाँ "सामाजिक लोकतान्त्रिक बहुल-राष्ट्रिय पार्टी"को प्रस्तावले मुलुक र देश-विदेशमा पनि एक किसिमको तरङ्ग पैदा गर्दै नवीन आशाको सञ्चार गरेको छ । ढिलै भए पनि बल्ल चेतिएर, विशेषत: आदिवासी जनजातिहरुको अग्रसतरता र नेतृत्वमा बन्न लागेको यो पार्टीले एक जातीय र एकात्मक राजनीतिक सोच र संरचनालाई भत्काउँदै नयाँ सोच र बहुजातीय एवम् बहु-राष्ट्रिय पहिचान तथा सह-अस्तित्वलाई स्वीकारेर जानेछ भन्ने आसा गर्न सकिन्छ ।

मुलुकमा अहिलेसम्म नबदलिएको राज्यसत्ताको चरित्र तथा जातीय अन्तरद्वन्द्व र ध्रुबीकरणलाई मध्यनजर गरी निर्माण गर्न लागिएको यी र यस्ता राजनीतिक सङ्गठनले विगतका पुराना दलमा भए-गरेका कमी-कमजोरीबाट भने शिक्षा लिएरै जान आवश्यक छ । मुलुकका विद्यमान मुद्दाहरु त्यसमा पनि आदिवासी जनजातिका प्रमुख मुद्दा, दलितका मुद्दा, मधेशीका मुद्दा, मुस्लिमका प्रमुख मुद्दा र लैङ्गिक मुद्दाहरूलाई समेत मिहिन रुपमा मध्यनगार गरी प्रस्ताव गरिएको यो दलले अहिलेका दलहरूले भन्दा उदारभावले सबैका मुद्दाहरूलाई सम्बोधन गरेर लैजाने जग बसाल्नु पर्दछ ।

एउटा राजनीतिक सङ्गठनले लिनुपर्ने विचार र सिद्धान्त कस्तो हुने भन्ने कुराले नै त्यसको भविष्यलाई निर्क्योल गर्दछ । सबैभन्दा वैज्ञानिक र व्यवहारिक दर्शन भएको भनिएका कम्युनिष्टहरु समाज र जनताको आवश्यकता र चाहनालाई सम्बोधन गर्न नसकेर उँधोगतिमा लागिरहेको बेला स्थापित यस पार्टीले वैचारिक र सैद्धान्तिक रुपमा पनि त्यतिकै सवल हुन आवश्यक छ । विचार र सिद्धान्त मात्र सवल र राम्रो अङ्गीकार गर्दैमा पनि पार्टी आफै सञ्चालन हुनसक्दैन । त्यसलाई सञ्चानल गर्ने प्रतिवद्ध, र त्यागी नेता तथा कार्यकर्ताहरूको पनि त्यतिकै आवश्यकता पर्दछ । पार्टीका विभिन्न निकाय, जनवर्गीय सङ्गठन र नेतृत्वहरूलाई व्यवस्थित् तवरले समायोजन गरेर लैजाने पार्टी संरचना पनि महत्वपूर्ण पक्ष हो । यसमा पार्टीका केन्द्रतह र स्थानीयतहबीचको शक्ति र अधिकार तथा काम-कर्तव्यको पनि राम्ररी विभाजन र समायोजन हुन आवश्यक हुन्छ ।

नेपालजस्तो बहुजातीय एवम् बहु-राष्ट्रियता भएको मुलुकमा रहेका विभिन्न समुदायका जनताहरूको प्रतिनिधिहरूलाई एकै ठाउँमा समायोजन गरेर सबैको समानुपातिक, समावेशी प्रतिनिधित्व र सहभागीको ग्यारेण्टि गर्न अब खोलिने वा एकीकृत हुने जुनसुकै दलको लागि पनि चुनौतीको विषय हुनेछ । यदि यी र यस्ता कुरालाई ख्याल नगरी फेरि पनि ईगो, आवेश र हचुवाको भरमा मात्र नयाँ कदम चाल्न खोजिए त्यो पनि आखिर पुरानोभन्दा केही भिन्न हुने छैन । मात्र नयाँ पार्टीको सङ्ख्या थपिँदै फेरि टुटफुटको गोलचक्करमा फस्दै पार्टीहरुको सङ्ख्यामात्र थपिइरहनेछ ।

## सूचना

यस नेपाली समाचार साप्ताहिकको लागि तपाईंको आफ्नो समाचार तथा आफ्नो क्षेत्र (देशविदेश) को समाचार विभिन्न माध्ययबाट हामीलाई पठाउन अनुरोध गर्दछौ । छोटो मिठो विचार प्रधान लेख तथा सिर्जनाहरु पठाई उचित मूल्य वा उपहार प्राप्त गर्नुहोस् । प्राप्त समाचार तथा लेखरचनालाई अनुकूलता हेरी अनलाइन र प्रिन्टमा राखिनेछ । न्याय र समानताको निमित्त यो निष्पक्ष र स्वस्थ समाचार अभियानमा सबैबाट सहकार्य तथा सहयोगको आसा गर्दछौं ।

**सम्पर्क ठेगाना:**
नेपाली समाचार, साप्ताहिक
**ई-मेल:** nepaliSamachar@email.com,
**Facebook/Skype:** nepaliSamachar, Phone: 9813724165

**- सम्पादक/व्यवस्थापक**

## पाठक मञ्च

### नेपाली समाचार गाउँसम्म आइपुगोस्

मैले काठमाडौंबाट प्रकाशित नेपाली समाचार साप्ताहिकको तेस्रो अङ्क पान्थर, लिम्बुवानमा पनि अध्ययन गने अवसर पाएँ । यसबाट यो पक्षपातपूर्ण सञ्चार दुनियाँमा सबै क्षेत्रको विचार र खबरहरु पस्कन सक्छ भन्ने विश्वास र भरोसा जागेर आयो । यो साप्ताहिक नेपालको सुदुरपूर्व लिम्बुवानको गाउँ-गाउँसम्म पनि आइपुग्न सकोस् भन्ने अपेक्षा गर्दछु । साथै, यस्ता पत्रिका आउँदै अल्पिने दशाबाट यो साप्ताहिक मुक्त सकोस् भन्ने अग्रीम शुभकामना पनि व्यक्त गर्न चाहन्छु ।

*- लाल 'अञ्जान' सम्बाहाङ्फे*

# नेपाली मिडिया सम्बन्धमा केही कुरा



✍ विश्वासदीप तिगेला

अहिले नेपालमा सबैभन्दा महत्वपूर्ण र धेरै राजनीति मिडियाहरूले गरिरहेका छन् । संविधान लेखनको सबैभन्दा जटिल पाटो संघीयता हो र त्यसको सवालमा मिडिया घरबाटै सामर्थ्यलाई मात्र लिने पहिचानलाई प्राथमिकतामा नराख्ने भन्ने निर्देशन पाएपछि पत्रकारहरूले निर्देशन बमोजिम नै जनता, नेताहरूको आवाजलाई लुकाउन थालेका छन् ।

हामीले लेखेकै कुरा सर्वमान्य हो। हाम्रो मिडियामा आएको लेख र समाचारले निर्णायक भूमिका खेल्दछ भन्ने भ्रम् उनीहरूमा पाइन्छ । तर पीडा र अभावले चेतना पाएका जनताहरूलाई त्यसले कुनै असर पुऱ्याएको देखिँदैन । त्यस्तैगरी, प्रत्येक व्यक्तिको हातहातमा कम्प्युटर र मोबाइल सेट हुनाले त्यति नै अनलाइन मिडियाहरू प्रभावकारी बन्दै गएको कुरा पनि ठूला मिडिया हाउसहरूलाई हेक्का नै छैन ।

नेपालका ठूल्ठूला मिडिया हाउसहरूको धर्म मधेशी, जनजाति, दलितहरूलाई बदनाम गराउने हो । जसले सही राष्ट्रियताको लागि सही कुरा बोल्यो उसको कुरालाई टुप्पा र फेद काटेर गलत अर्थ लाग्ने टुक्रा मात्र सञ्चार माध्ययममा ल्याइदियो र अन्ततः मधेशी मूलका नेताहरूलाई नकारात्मक तवरले प्रस्तुत गरियो । केही मन्त्रीलाई पदमुक्त गर्न बाध्य पारियो । यो नेपाली मिडियाको इतिहासमै सर्वाधिक गलत कार्य हो । मिडियाहरूको यिनै भूमिकाबाट मधेसी, आदिवासी, जनजातिजन्य राजनैतिक पार्टी, सङ्गठन, नेताहरूले पाठ सिकेर मिडिया क्षेत्रमा अघि बढ्नुपर्ने टड्कारो आवश्यकता देखिन्छ । अधिकार र अवसर विहीन आदिवासीहरू अहिले समान अधिकारको लागि कैयौं ठूल्ठूला कार्यक्रमहरू गरिरहेका छन् तर मिडियाहरूले उनीहरूको जायज आवाजलाई लेख्दै लेख्दैन ।

नेपाल सरकार मातहतको राष्ट्रिय समाचार समिति(रासस) ले पनि जनजाति आवाज लेख्दै लेख्दैन । तर राजावादी नेता र संघीयता विरोधी नेताले चिया पिएको कुरा पनि खबर बनाएर प्रत्येक दिन लेख्ने गर्दछ । यी कुराहरूको धेरैले अभिलेख राखे पनि सम्बन्धित् सरकार पक्षलेचाहिँ वास्ता गरेको पाइँदैन । नेपालमा सबैलाई समान अधिकार हुनुपर्छ भन्ने मधेसी, आदिवासी नेताहरूलाई राष्ट्रिय समाचार समितिको भित्रि बनावट र प्रभावको बारेमा ज्ञानै छैन । यसर्थ पनि रासस संरचना, राससको परिवार समावेशी बिल्कुलै हुन नसकेको हो ।

नेपालका शक्तिशाली मिडिया हाउस कान्तिपुर, नागरिक, अन्नपूर्ण भनिए पनि सयौंको सङ्ख्यामा रहेको एफएम रेडियो, हजारौंको सङ्ख्यामा रहेको अनलाइन समाचार वेवसाइट, सयौंको सङ्ख्यामा रहेको दैनिक, साप्ताहिक पत्रिकाहरूको मुख्यस्रोत राष्ट्रिय समाचार समितिद्वारा वितरित समाचार नै हो । ठूला मिडिया हाउसहरूले जतिसुकै फूर्ति लडाए पनि राससले प्रत्येक घण्टा वितरण गर्ने समाचारविना उनीहरूको पत्रिका प्रकाशन हुनै गाह्रो पर्दछ । केही तर्क सुनिन्छ- 'ठूल्ठूला मिडिया हाउस नै शक्तिशाली हुन्' तर त्यो गलत हो । एउटै पत्रिका, टिभि, रेडियोमा एकैपटक, एकदुई ठाँउबाट छापिने र हजारौं मिडियाहरूमा प्रत्येक घण्टा विश्वको कुनाकुनाबाट प्रसारण हुनु निश्चयनै फरक पर्दछ । त्यसैले हुनुपर्छ राजावादी नेताले अन्य पार्टीहरूलेजस्तो आ-आफ्नो पार्टीको मिडिया हाउस खोल्नुको सट्टा राष्ट्रिय समाचार समितिकै कर्मचारीलाई विश्वासमा लिएका छन् ।

अहिलेको सबैभन्दा जटिल विषय भनेको संघीयता हो । हिजो भैं नेपाल एकजातिको हालीमुहाली हुने वा सबै जातिको साझा बनाउने भन्ने नै संघीयताको मुख्य मुद्दा हो । अहिले नेपालमा संघीयता हुनुहुँदैन भन्ने कुनै निकाय छ भने त्यो रासस र ठूला मिडिया हाउसहरू देखिन्छन् । संघीयताको विरोधमा दुईजना बसेर सल्लाह गरे पनि राससको लागि समाचार बन्दछ । तर मधेसी, आदिवासी जनजातिहरूको हजारौंको जुलुस आमसभाको कुनै समाचार दिइँदैन । समाजमा अराजकता आउने समाचार दिनु हुँदैन आदि भनेर पत्रकार आचारसंहितामा उल्लेख भए पनि मधेसी, आदिवासी, जनजातिहरूको कार्यक्रम समाजमा अराजकता ल्याउने होइन र कुनै जाति समुदायको विरुद्धमा पनि छैन यद्यपि समाचार दिइँदैन । यो गम्भीर खोजी र चासोको विषय हुनुपर्दछ ।

नयाँ प्रविधिहरूको तीव्र विकासको कारण धेरै मुलुकहरूमा प्रिन्ट मिडियाहरू बन्द हुनेक्रम् बढेको छ । सेकेण्डसेकेण्डमा समाचार म्यासेज, अनलाइन पोर्टलमार्फत् प्राप्त हुने गर्दछ । यद्यपि, हाम्रो देशमा केही वर्ष प्रिन्ट मिडिया रहने देखिन्छ । देशको अवस्था अस्तब्यस्त भएको खण्डमा मिडियाहरू राम्ररी चल्ने भएकोले पनि हुनुपर्छ मिडियाहरूले दोहोरो भूमिका खेल्दै देशको अवस्था उथलपुथल राख्न उद्यत् देखिन्छन् । प्रायः नेपाली मिडियाहरू कुनैपनि घट्नालाई सकारात्मकभन्दा नकरात्मक ढङ्गबाट बढी प्रस्तुत गर्नेगर्दछ । यो सिङ्गो देशको लागि घातक हो भने नेपालका लगभग शतप्रतिशत मिडियाहरू मिसनरी पत्रकारिता गरेको देखिन्छ । यो झनै अर्को बिडम्बना हो । भोलि देशको स्थिति समुन्नत र शान्त भएको खण्डमा यी ठूला मिडिया हाउसहरू अहिलेजस्तो निश्चय नै चल्ने छैनन् । त्यसैले पनि बिग्रँदो स्थिति उनीहरूलाई चाहिएको भान् हुन्छ ।

पत्रपत्रिका छाप्ने मात्र ठूलो कुरा होइन वितरण मुख्य कुरा हो । एफएम रेडियो तथा टेलिभिजन सञ्चालन गर्ने मात्र ठूलो कुरा होइन प्रसारण हुने इलाका र स्रोता, दर्शक महत्वपूर्ण कुरा हुन् । मधेशी, आदिवासी, जनजातिहरूले पनि मिडियाहरू सञ्चालन गरेका छन् यद्यपि प्रभावकारी बन्न ठूलो सङ्घर्ष गरिरहनु परेको छ । सरकारी कार्यालय र निकायसम्म सम्पर्क र पहुँच अभावको कारण पर्याप्त विज्ञापनहरू प्राप्त नहुन आदिले झनै समस्या थपिएको देखिन्छ ।

समुन्नत नेपाल निर्माणको लागि पत्रकारिताको महत्वपूर्ण भूमिका रहने भएकोले मिडिया क्षेत्रको मेरुदण्ड राष्ट्रिय समाचार समिति अनिवार्य र तुरुन्त समावेशी र लोकतान्त्रिक बनाउनु पर्दछ । सरकारी सञ्चार माध्यम गोरखापत्र, नेपाल टेलिभिजन लगायतलाई स्तरीय र समावेशी बनाउनु पर्दछ । अन्य मिडिया हाउसहरू पनि समावेशी हुन आवश्यक देखिन्छ । त्यसैले यसतर्फ सम्बन्धित् निकायको ध्यान जाओस् । निष्पक्ष र समृद्ध नेपाल बनाउन सबैको समान सहभागीता र सद्भाव रहन सकोस् ।

*biswasdip@ymail.com*

# महिला र बेतलबी सेवामूलक कार्य



✍ सीतासन्ध्या राई शाही

राष्ट्रिय जनगणना २०६८ को प्रारम्भिक नतिजामा नेपालको कुल जनसङ्ख्यामा महिलाको जनसङ्ख्या ५१.४४ प्रतिशत र पुरुषको जनसङ्ख्या ४८.५६ प्रतिशत रहेको छ। देशको कुल जनसङ्ख्यामा आधाभन्दा बढी हिस्सा ओगटेका महिलाहरू अझसम्म पनि घरको चौघेराभित्र र सामाजिक बन्धनहरूले उम्कनै नसक्ने गरी बाँधिएका छन् । राष्ट्रको अर्थतन्त्रमा उतिकै योगदान दिए तापनि महिलाले पाउनुपर्ने अधिकार र फाइदाबाट बञ्चित गरिनुका साथसाथै उनीहरूले दिएको योगदानको कदर पनि नगरिएको सर्वविदितै छ । महिला र पुरुषले गर्ने काम भनी परामपरागत रुपमा छुटाइएको कामले महिला र पुरुषबीच भेदभाव जन्माएको छ । यस्ता भेदभावले गर्दा महिलाहरू घरभित्रैका कामले बाहिरी संसारसँग परिचित हुन सकिरहेका छैनन् । सानोतिनो बिरामी हुँदा त वास्तै नहुने घरको कामको बोझले महिलाहरू पीडितसमेत बनेका पाइन्छन् । यस्ता कामहरू समाज, जाति अनुसार र उनीहरूको संस्कार र परम्परा अनुसार कम बढी वा फरक पनि पर्दछन् । हाम्रो समाजमा अधिकांश महिलाहरू घरायसी कार्यमा समय बिताउछन् । महिलाहरूले दैनिक १६ घण्टासम्म घरभित्रको काम गरे पनि उनीहरूको अर्थतन्त्रमा शून्य भूमिका र हिआएको विकराल अवस्था छ । महिलाहरूबाट हुने श्रमलाई उचित स्थान नदिइरहेको हालको अवस्था गम्भीर सवाल बन्न जरुरी छ ।

सन् २००९ मा अन्तर्राष्ट्रिय महिला अधिकार टोलीले गरेको मूल्याङ्कनले लैङ्गिक समानता र महिला सशक्तिकरणका लागि महिलाहरूको बेतलबी सेवामूलक कार्यलाई एउटा प्रमुख अवरोधका रुपमा पहिचान गरेको छ । बेतलबी सेवामूक कार्य भन्नाले मानिस वा अन्यको हेरचाह तथा सेवा प्रदायक कार्य गर्दा धेरै समय र उर्जाको खर्च हुन्छ तर त्यसबापत तलब प्राप्त हुँदैन । बेतलबी सेवामूलक कार्यका रुपमा महिलाहरूले घरपरिवार र समुदायमा खाना बनाउनेदेखि लिएर बालबालिका, बिरामी र बृद्धबृद्धाहरूलाई हेरचाह गर्ने, घरको बिभिन्न कार्यहरू सम्हाल्ने आदि दैनिक काम गरिरहेका हुन्छन् जसका लागि उनीहरूले तलब भने पाउँदैनन् । बेतलबी सेवामूलक कार्यका लागि महिलाहरूको असमान दायित्वबाट समाजको सोचाइमा पनि असर परेको छ। बेतलबी सेवामूलक कार्यले महिलाहरूलाई कहिल्यै फुर्सद नमिल्दा महिलानिजी क्षेत्रमा र पुरुष आर्थिक र राजनीति शक्तिमा धेरै पहुँच सहितको सार्वजनिक क्षेत्रसँग सम्बन्धित हुन्छन् भन्ने धारणालाई टेवा दिएको छ ।

नेपाली महिलाहरूको सन्दर्भमा डा.अरुणा उप्रेती भन्नुहुन्छ, "सुदुर पश्चिमका महिलाहरू गोरुजस्तै काम गर्छन् तर कम खान पाउँछन् । सामाजिक संरचनाले गर्दा महिला पीडित हुन्छन् भने त्यो संरचना नभत्काई समस्या समधान हुँदैन ।" यसै सन्दर्भमा मानवशास्त्री डोरबहादुर विष्टले उनको कृति "डेभलपमेन्ट एन्ड फेटालिज्म" मा नेपाली समाजमा रहेको भाग्यमा विश्वास गर्ने प्रवृत्तिले विकासलाई असर गरेको, हिन्दूहरूमा रहेको सामाजिक विभेदले विकासमा सबै पक्ष समेटिन नसकेको तथा चाकरी प्रथाले नेपालको विकासमा नकरात्मक प्रभाव पारेको निष्कर्ष दिएका छन् । भाग्यवादी विचारले लैङ्गिक असमानतालाई अझ बढावा दिने कार्य गरेको छ । बेतलबी सेवामूलक काम र नेपाली महिलाहरूको बिकराल अवस्थालाई मनन् गर्दा मैले बङ्गलादेशी लेखिका तसलीमा नसरीनको भर्खरै नेपाली भाषामा अनुवाद गरिएको आत्मकथा भित्रको ब्याख्यालाई सम्झिनु सान्दर्भिक हुन्छ । सन् १९९३ मा बङ्गलादेशमा मुस्लिम कट्टरपन्थीहरूले तसलिमा बिरुद्ध फतवा (मृत्युदण्ड) जारी गरेपछि उनी स्विडेनमा स्वनिर्वासनमा गइन् । आजभन्दा करीब २० वर्षअगाडि स्विडेनमा घरायसी काम र बाहिरी काममा महिला र पुरुष बराबर खटिएको र यो विषय स्विडेनका लागि यति स्वाभाविक भइसकेको थियो कि कसैलाई यसबारे वास्तै हुँदैन थियो भन्ने उनले पुस्तकमा वर्णन गरेकी छिन् । नेपालीहरूको मान्यता भने आज पनि उही पुरानै ढर्राको रहेको छ ।

महिलाहरू राजनीति वा अन्य नेतृत्वदायी पदमा पुग्नका लागि महिलाले पुरुष जति लगानी गर्न हाम्रो सामाजिक संरचना, पारिवारिक सम्बन्ध, उत्पादन ब्यावस्था, पैतृक सम्पत्तिमा महिलाको

*बाँकी पृष्ठ ५ मा*

# नेपालको जनयुद्ध, राष्ट्रियता र मिडिया



✍ भीम राई

हालै प्रकाशित 'नेपाल इन ट्रान्जिसनः फ्रम पिपल्स् टु फ्रजाइल पिस (२०१२)' नामक पुस्तक नेपाल र भारतका बेग्लै बेग्लै ठाउँमा केही समयको फरक पारेर पुस्तकको विषयवस्तुबारे विचार विमर्श भयो । नेपाल-भारत कूटनीतिक क्षेत्रका विज्ञ श्यामशरण र एसडी मुनी स्ता दुई व्यक्तिहरूको भनाईले नेपाली राजनीतिक तथा कूटनैतिक क्षेत्रमा हलचल पैदा गऱ्यो । विशेषतः नेपाली मुलधारका भनिएका सञ्चार माध्यमहरूले यस कुरालाई नेपालको खोटो "राष्ट्रियता"सँग गाँसेर धेरै नकारात्मक किसिमले प्रचार प्रशार गरे ।

भारतमा क-कसले के भने त्यो थाहा भएन । तर नेपालमा सो पुस्तकको विमोचन पाटनढोकास्थित यलमाया केन्द्रमा १६ साउनमा भएको उक्त समारोहमा सरिक हुन पाएकोले भारतीय विज्ञ एसडी मुनीले व्यक्त गरेको केहि तथ्यहरूको विस्तारमा विश्लेषण गर्न आवश्यक सम्झेको छु ।

पहिलो समाचार अनुसार भारतीय पूर्वविदेश सचिव श्याम शरणले भारतीय भूमीमा सोही किताबको विमोचन समारोहमा "नेपाली सेनाको व्यावसायिक छवीमा आँच नआओस् भन्ने भारत चाहन्थो । त्यही भएर कटवाल काण्डमा भारतले हस्तक्षेप गर्नु परेको" कुरा बताएका थिए भनेर ती सञ्चार माध्यमहरूले काकोहोलो मच्चाए ।

लगतै नेपालमा भएको पुस्तक विमर्शको अवसरमा नेपाल मामलका विज्ञ मुनीले "राजा त्रिभुवन नेपाललाई भारतमा बुझाउन चाहन्थे" भनेर नेपाली राजनीतिको ऐतिहासिक पाटोलाई केलाएका थिए । तर नेपालका "राष्ट्रवादी" बुद्धिजीवीका लागि त्यसको अर्थ "मुनी त भारतले नेपाललाई उसमा नगाभे कोमा चिन्तित देखिए" भन्ने शैलीमा उनको भनाईलाई प्रस्तुत गरे । मानौं कि कुनै भार तीयले त्यस्तो कुरा नेपाल र नेपालीको बारेमा पहिलोचोटी भनेको होस् ।

अनौठो के छ भने हरेक घटना र बोलीमा भारतीय हस्तक्षेप देख्ने नेपाली राजनीतक दलका नेताहरू भने यसपाला ती दुई भारतीय विज्ञहरूको त्यस्तो भनाईप्रति सबै "तै चुप मै चुप"को शैलीमा प्रस्तुत भए ।

उनै मुनीले यलमाया केन्द्रमा भएको विचार विमर्शमा नेपाली सञ्चारमाध्यम (हिमाल, १६-३२ साउन २०५९ः 'विन्तीपत्र' वास्तविकता खुलाऊ । ) मा आफूबारे आएको या आफूबारे नकारात्मक टिप्पणी छापेकोमा दुःखीत देखिन्थे । नेपाली मिडियामा "इन्टिल्याक्चुयल प्रोपर्टी राइट"को कदर नभएकोमा आफूलाई दुःख लागेको विचार पनि व्यक्त गरेका थिए । अर्थात् उनले के खुलाए भने जसरी हिमालमा उनको बारे र नेपाली "राष्ट्रियता"को बारेमा "सम्पादकीय टिप्पणी" भनेर जुन विश्लेषण आयो, गरियो । त्यस विश्लेषणलाई कसैले पनि आफूसँग सल्लाह या त्यो भनाई छाप्न कसैले पनि आफूसँग अनुमति नलिएकोमा दुःखित देखिन्थे । अर्को कुरा नेपालमा यदि कसैले या कसैको कारण फेरि "ऋतिक काण्ड" दोहोरियो भने त्यो केवल "उच्च" जातिहरूको मिडियाकै कारण हुनेछ भन्ने कुरा स्पष्ट देखिन्छ ।

## मुनी र 'विन्तीपत्र'को वास्तविकता

खास गरेर मुनी एक प्राज्ञिक व्यक्ति भएकाले उनले आफूले अनुभव या अध्ययन गरेको आधारमा नेपाल भारतबीचको सम्बन्धको बारेमा चर्चा गरेका हुन् । स्पष्ट छ, यहाँका र भारतका नेताबीच परम्परादेखि "खास" सम्बन्ध रहेका कसैबाट लुकेको छैन । यो कुरा बारम्बार हाम्रा "राष्ट्रवादी" नेताहरूबाट पनि उठेकै थियो । अझ मधेसी नेता उपेन्द्र यादवको भनाईमा त भारत त नेपाल र ने पाली बाहुन नेताहरूका लागि त मुस्लिमहरूको तिर्थस्थल मक्का मदिनासरह छ । मुनीले विशुद्ध प्राज्ञिक अध्ययन, अनुसन्धानको क्रममा देखेको भोगेको कुरा मात्र राखेका हुन् । र त्यो विश्लेषणको आधार पनि छ ।

नेपालको "एकीकरण" पछाडिको राजनीतिक इतिहासको चर्चा गर्दा चाखलाग्दो र सधै विरोधाभाषपूर्ण रहेको देखिन्छ । यहि विरोधाभाषवीचमा "नेपाल भारतमा गाभिन सक्थ्यो या त्रिभुवन नेपाललाई भारतमा गाभ्न चाहन्थे" भन्ने एसडि मुनीको सङ्केत सत्य-तथ्य नजिक नै छ भन्ने केहि ऐतिहासिक लिखतहरूले देखाउँछ ।

उदाहरणको लागि राणाहरूले राजा त्रिभुवनलाई कसरी चुङ्गलमा पारेका थिए र उनलाई हात लिन कस्ता धुर्त हरकत गर्थे भन्ने कुराको इतिहासको बारेमा सरदार भीमबहादुर पाँडेले "त्यस बखतको नेपाल-राणाकालीन आखिरी तीन दशक, भाग-१" भन्ने पुस्तकमा वर्णन गरेका छन् ।

उनका अनुसार चन्द्र शम्सेरको शासनकालमा राजा त्रिभुवनलाई बम्बई, कलकता हेर्न जाने इच्छा जागेछ र त्यस्तो इच्छा उनीसमक्ष राजा त्रिभुवनले प्रकट गर्दा "म मरेपछि सरकारको हुकुम सरकारकै बाहुलीमा जान्छ । सरकार म डाँडामाथिको जुन समान भइसकें, सरकारले टेकिवक्सेको जमीन नेपालको भू-भाग हुनपर्दछ भन्ने नेपाली जनताको धारणा छ; यो धर्म सङ्कटमा मलाई पर्न नपरोस् । मेरो भाई भीम शम्शेर गजडी, अर्को भाइ जुद्ध स्त्रीलम्पट, छोरा भतिजा मोहन शम्शेर पुजारी, केशर शम्शेर, पद्म शम्शेर जडेहा छन्; यिनी कुनैबाट पनि कुशल राजकाज हुँदैन; सरकारको हुकुम सरकारमै पर्कन्छ, त्यसबेला बम्बई त के सरकार युरोप सवारी हुनेछ" भनथे भन्ने कुरा त्रिभुवनका साथमा काम गर्नेको मुखबाट सुनेको भनेर सरदार भीमबहादुर पाँडेले वर्णन गरेका छन् ।

यस ऐतिहासिक तथ्यलाई केलाउने हो भने राजा त्रिभुवन राणाहरूले बनाई दिएको "सुनको पिँजडाभित्र बस्नु" भन्दा भारतीय उपमहादिपको "खुल्ला जङ्गल" तिर रमाउन किन चाहेका थिएनन् होला भन्ने विश्लेषण गर्दा पनि के बिग्रन्छ र ?

अझ यसबारे राणाहरूका राजगुरु खलकका सन्तान कमलमणि दीक्षितको अनुभवमा पनि सात साल तिर "नेपाली भाषाको अत्यन्त अपमान भएको थियो" भन्छन् । भारतीय मानिसले पनि यो नेपाली भाषाको न भूत, वर्तमान न भविष्य छ पनि भन्थे रे । भारतीय त भैहाले पछि कतिसम्म भयो भने त्यतिबेलाका नेपालका प्रधानमन्त्रीसमेतले पनि "नेपालको भाषा हिन्दी हुनेछ" भनेको उनी सम्झन्छन् । अर्थात् विषय नेपाली भाषा भएपनि त्यसको राजनीति फेरि उही भारतीय "मक्का मदिना" तिर फैलिएको सङ्केत पाउँदछौं । यस अर्थमा पनि मुनीको विश्लेषण तथ्य नजिक छ भन्न सकिन्छ ।

## जनयुद्ध भर्सेस हिङ्सात्मक राजनीति

अर्को रोचक पक्ष के छ भने हिमालको उक्त "सम्पादकीय टिप्पणी"मा "नेपालमा भारतविरोधी नारा लगाएर आम नेपालीलाई मृत्युको मुखमा धकेलेर आन्दोलन गर्ने तर उता भारतीय संस्थापनसँग चाहिं आफूहरू भार तविरोधी नभएको लिखित धारणाहरू राख्दै हिंड्ने माओवादी अध्यक्ष पुष्पकमल दाहाल र बाबुराम भट्टराईको राष्ट्रियता तथा राजनीतिक नैतिकतामा गम्भीर प्रश्न" उठेको ठहर गरिएको रहेछ ।

उक्त लामो "सम्पादकीय टिप्पणी"को सार भनेको अर्थात् त्यसले नेपालका माओवादीले १० वर्षसम्म गरेको "जन विद्रोह"लाई उसको केवल "हिङ्सात्मक राजनीति" थियो अथवा मिथ्या सावित गर्न चाहेको देखिन्छ ।

उक्त "सम्पादकीय टिप्पणी"मा यो "हिंसात्मक राजनीति" शब्दलाई प्राथामिकताको साथ जोड दिनुले उक्त मिडिया र त्यस वरपरका विज्ञहरूले (जो यो देशका सबै भन्दा ठूला 'इलिट' हरू हुन् ।) "प्रचण्ड"को "जनयुद्ध" को कारण यो देशका जनता या सर्वसाधारणहरूमा आएको राजनीतिक, साँस्कृतिक, भाषिक,धार्मिक र सामूहिक पहिचानप्रतिको चेतना या त्यो "साँस्कृतिक पुँजी"लाई स्वीकार्न चाहिरहेका छैनन् भन्ने देखिन्छ । या त्यो परिवर्तनप्रतिको हामी बहिष्कृत समुदायहरूको चाहनालाई उनीहरू 'डिरेल' गर्दैछन् । यसको मतलब के हो भने आजसम्म राज्यसत्ताबाट वञ्चित पारिएका समूहलाई र उनीहरूले उठाएका परिवर्तनका मुद्दा राज्यको मुलधारमा आउनबाट बञ्चित गर्नु ।

यसरी "सम्पादकीय टिप्पणी"को सार भनेको नै परिवर्तनका मुद्दाहरू र त्यसका लागि बहुसंख्यक आदिवासी जनजातिहरूबाट लडिएका "जनयुद्ध"लाई अराष्ट्रिय घोषित गरे पछि आजसम्मका जति पनि उपलब्धि छन्, ती सबैलाई निकम्मा पार्ने खेल मात्रै हो ।

## "नेपाली राष्ट्रियता" र 'इलिट'हरू

जहाँसम्म उच्च जातीय 'इलिट'हरू या अभिजात/सम्भ्रान्त जात, वर्गहरूको स्वतन्त्र र सवल "नेपाली राष्ट्रियता"को सवाल छ, त्यो उनीहरूको "देखाउँने दाँत" मात्रै हुन् । किनभने यो तिनै अभिजात या सम्भ्रान्त जात/वर्ग हो जसले विगतमा र हालसम्म पनि नेपाली काँग्रेस, एमाले, केही माओवादीका नेताहरूले बोलेका कतिपय कुराहरू उनीहरूकै "नेपाली राष्ट्रियता"को विरोधी भएपनि उनीहरू कहिल्यै "राष्ट्रघाती" घोषित भएनन् ।

यसको उदाहरणको लागि वि.सं. २०४७ सालको अन्तरिम प्रधानमन्त्री भएका पूर्व प्रधानमन्त्री कृष्णप्रसाद भट्टराई हुन् । जसले भारतीय नेता तथा जनताहरूको "अभिनन्दन"लाई स्वीकार्दै हिन्दीमा "हमलोग एक बापका दो बेंटे हैं" भनेका थिए । पछि यसबारे टिकाटिप्पणी भएपनि उनले फेरि "हामीहरू भारतमुखी हौं र यसमा गौरवान्वित पनि छौं" भनेर विवाद टुङ्ग्याई दिएका थिए । यसरी भारतमुखी भावना राखीदिएकोमा भारत सरकारले उनलाई "गान्धी पुरस्कार" दिएको घटनाबारे लेखक नरेन्द्रराज प्रसाईले "वास्तवमा भारतबाट दिइने गान्धी पुरस्कार भारतकै नागरि कलाई दिइने गरिंदो रहेछ" लेखेको छन् । यति मात्रै होइन भारतका राजदूत बिमलप्रसाद श्रीवास्तवले उनै भट्टराईलाई एक समारोहमा "कृष्णप्रसाद भट्टराई नेपालका लागि भारतका उपहार हुन्" सम्म भनेको इतिहास छ भनेर दुर्गाहाङ याक्खाराईले उल्लेख गरेका छन् । तर ती 'इलिट'हरूको "नेपाली राष्ट्रियता"को अचम्मलाग्दो पक्ष के छ भने उनै कृष्णप्रसाद भट्टराई नै घोर "राष्ट्रवादी" अनि "सन्त" नेताका रुपमा पुज्य भएका छन् । खैर उनले एक "दलित" स्त्रीसँग नै बाँकि जिवन किन नविताएका हुन् ।

वि.पी. कोइरालाकै कुरा गर्दा पनि सात सालको "क्रान्ति सकिएका छैन, अझै बाँकी छ,कोही पनि युद्ध लडाकुहरू कुनै पनि हालतमा क्रान्ति रोक्ने पक्षमा छैनन्" भनेर बारम्बार क्रान्तियोद्धा नारदमुनी थुलुङ लगायत कमाण्डरहरूले भन्दा उनले केही पनि सुनुवाई गरेनन् । उल्टै आफूलाई भेट्न विराटनगर आउनु भनेपछि थुलुङ विराटनगर पुग्दा उनी भारतको कलकता पुगिसकेका, कलकता बोलाएपछि त्यहाँ पुग्दा उनी दिल्ली पुगिसेको र भेट दिनै नचाहेको थुलुङले बताएका छन् । उनै थुलुङ कलकताबाट निरास भएर फर्कदै गर्दा "वी पी सहित राणा र आन्दोलनकर्मीहरूको संयुक्त सरकार बन्ने र त्यसमा एक किरात व्यक्ति पनि सामेल छन्" भनेर एक स्थानीय अखबारमा आफूबारेको समाचार पढ्दै नेपाल फर्केको दुःखद अनुभव लेखेका छन् । र विपीकै धोकापूर्ण व्यवहारले नेपालमा भने जस्तो क्रान्ति गर्न नसकिएको चर्चा गरेका छन् ।

अन्त्यमा,

नेपालका "राष्ट्रवादी" सम्भ्रान्त जात र वर्गहरूको चिन्ता भनेको "राष्ट्रियता" जस्तो गम्भीर र अझै नेपालको सन्दर्भमा सबै जात-जाति र समुदायले "हाम्रो" महसुस गर्न नसकेको विषयलाई सतहमा ल्याएर अन्य समुदायलाई सधैं डर र त्रासमा राखि परिवर्तनप्रतिको उनीहरूको चिन्ता र चाहनालाई काँडेबारे हाल्नुमा केन्द्रित् भएको देखिन्छ ।

यस्ता कुरा बारम्बार नेपालका "उच्च" जातीय अधीनका मिडिया र त्यसका मिडियाकर्मीहरूबाट आउने गरेको छ । यस्तो लाग्छ, उनीहरूभन्दा सच्चा राष्ट्रवादी यो देशमा कोही पनि छैनन् । तर उनीहरूको त्यो चिन्ता भनेको हिजा राजा महेन्द्रले तयार पारेको र महेन्द्रमालामा वर्णन गरिएको एक भाषा, देश,धर्म र नरेशप्रति वरिपरि घुम्ने "राष्ट्रवाद" हो ।

उदाहरणको लागि हालै कान्तिपुर दैनिकका सम्पादक शुधीर शर्मा (कान्तिपुरः २० साउन २०६९) ले "एउटा असफल राष्ट्रको यात्रा" सुनाउँदै "जातीय द्वन्द्व र विदेशी स्वार्थ/हस्तक्षेप बढ्दै गएपछि ठूलो भूगोल भएर मात्र होइन, प्रचुर प्राकृतिक स्रोत-साधन रहेर समेत केही नहुँदो रहेछ भन्ने प्रत्यक्ष कंगोमा देखियो" भनेर हामी राज्य सत्तामा समान प्रतिनिधित्व होस भनेर माग गरिरहेका समुदायहरूलाई राज्य सत्तासँग "झगडा" नगर्न अर्ती दिन्छन् । यदि त्यसो गरे विदेशीको हस्तक्षेप बढ्ने "हाउगुजी" देखाउँछन् ।

देशमा उपलब्ध स्रोत साधनहरूको सबै क्षेत्रबाट समुचित "हार्नेस" या दोहन होस् या गरौं भन्ने अन्य समुदायको चाहना र त्यो भनेको संघीयताबाट सम्भव हुनसक्छ भन्ने भावनालाई कंगो रुपी 'नाङ्लो' ठटाएर सम्पूर्ण बहिष्कृत समुदायरुपी 'हात्ती' तर्साउने भित्री निकृष्ट चाला उनीहरूमा देखिन्छ ।

तर "असफल राष्ट्रको यात्रा" को सुरुवाती "कंगोको सीमित वर्गचाहिँ अति धनी हुनु, जसका प्रायः पेरिस र ब्रसेल्समा महँगा बासस्थान हुनु । तर राज्य र आम नागरिकचाहिँ झन झन गरिब बन्दै गएका" भन्दा भन्दै पनि समान नेपालजस्तै सामाजिक तथा जातीय असमानतालाई चाहिँ उनले ख्याल गरेको देखिँदैन् ।

मैले यहाँ माथिका सन्दर्भ, घटनाहरूको चर्चा गर्नुको मुख्य उद्देश्य के हो भने ती हिमाल लगायतका मिडियामा आएका समाचार, व्याख्या या विश्लेषणले माओवादीहरूको "जनयुद्ध"लाई समर्थन या सक्रिय सहयोग गरेर हामीले पाएको उपलब्धिलाई आज एउटा "राजनीतिक हिङ्सा" थियो भनेर "मिथ" सावित गर्न खोजिदैछ भन्न भन्न खोजेको हो ।

बाबुराम भट्टराई, प्रचण्ड, श्याम शरण, एस.डी. मुनी लगायत नेता तथा विज्ञको आलोचना गर्नु त उनीहरूले "म कुटे जस्तो गर्छु ,तँ रोएजस्तो गर" भनेर आम बहिष्कृत समुदायलाई गुमराहमा राख्नु हो । आखिर दशवर्षे "जनयुद्ध" हाँक्ने कमाण्डर "प्रचण्ड"लाई उनी पुष्पकमल दाहाल थिए भनेर "नचिन्ने" ती मिडियाले उनीहरू शान्ति प्रक्रियामा आएका हप्ता दिन पनि बित्न नपाउँदै "प्रचण्ड"लाई दाहालमा न्वरान गरिदिने राजनीतक पण्डितहरू पनि यिनै मिडिया कर्मीहरू हुन् ।

अर्थात भन्न खोजिएको के हो भने जसरी "प्रचण्ड"लाई दाहालमा न्वरान गरेपछि त्यो दशवर्षको उपलब्धि आज बाहुनहरूले एकलौटी पार्न सफल भएका छन् । त्यसरी नै त्यही न्वारानको दोस्रो नाटकस्वरुप दशवर्षे "जनयुद्ध"मा सम्पूर्ण बहिष्कृत समुदायले असमानता, बहिष्करण तथा विभेद विरुद्धको लडाईमा उनीहरूले बगाएको पसिना र मिहिनेतलाई नस्वीकारी आज ती मिडियाकर्मी र विज्ञहरू केवल एउटा प्रायोजित लामो "राजनीतिक हिङ्सा" थियो भन्न या परिणत गर्न खोजिराखेका छन् । ■

*rai.bhim45@gmail.com*

## महिला...

पहुँच अभाव लगायत बाधक छन् । परिवार, समाज र राज्यले वातावरण नबनाउन्जेल कुनै पनि महिलाले एकल सङ्घर्षमा होमिएर नेतृत्वमा आउन अत्यन्तै गाह्रो छ । देशमा ठूलो राजनैतिक परिवर्तन आइसकेको छ । महिलाहरूले पनि समान अवसर पाउनुपर्छ भन्ने आवाज उठिरहँदा महिलाहरूलाई पुरुष सँगसँगैको दाँजोमा प्रतिस्पर्धामा उभ्याउन घरभित्रकै कार्यबोझले अवरोध पुऱ्याइरहेको छ । महिलाहरूको अदृश्य रुपमा रहेका बेतलबी सेवामूलक कार्यलाई पहिचान गर्दै न्युनिकरण गर्ने र पुनर्वितरण गर्नुका साथै वर्तमान आर्थिक ढाँचाहरूलाई चुनौती पुग्ने सेवामूलक कार्यहरूको उत्पादन र वितरण व्यवस्थित गर्ने वैकल्पिक उपायहरूको पनि खोजी गर्नुपर्ने बेला भएको छ । नेपालमा घरायसी कामकै भारले गर्दा महिला तथा बालिकाहरूले शिक्षा, स्वास्थ्य, सम्मानजनक काम र आरामको समयजस्ता आफ्ना आधारभूत अधिकारहरूलाई छोड्न परेको अवस्था छ । यसबाट लैङ्गिक असमानताले निरन्तरता पाउँछ, लैङ्गिक मान्यतालाई दृढ बनाउँछ र महिला तथा बालिकाहरूलाई गरिबीमा धकेल्छ ।

महिलाबाट हुने बेतलबी सेवामूलक कार्यको पनि अर्थतन्त्रसँग सम्बन्ध रहेको र सोको बारे सम्बन्धित महिला र सरोकारवालाहरू जागरुक हुन आवश्यक रहेको एक्सनएड नेपालको महिला अधिकार सवाल प्रमुख मोना शेर्पाको भनाइ छ । लैङ्गिक समतामूलक समाजको निर्माणका लागि प्राकृतिक भिन्नता बाहेक सबै लैङ्गिक विभेद मान्छेहरूले नै निर्माण गरेका हुन् भन्ने सचेतनालाई वृहत् तहमा पुऱ्याउन सक्नुपर्दछ । भोलिको चेतनशील समाज निर्माण गर्नका लागि शैक्षिक क्षेत्रबाटै पहल थालनी गर्नुपर्दछ । पाठ्यक्रम र शिक्षण प्रकृयामा व्यापक सुधार ल्याई विद्यार्थी जीवनकालदेखि नै सवालगत बुझाई र लैङ्गिक समताका लागि सचेत मानवस्रोतहरू देशका लागि उत्पादन गर्न सक्ने वातावरणहरू बन्नुपर्दछ । यसो हुन सकेमा भोलिको दिनमा लैङ्गिक विभेदरहित सचेत समुदायको निर्माण हुन सक्नेछ । तत्काल महिलाहरूले भोगिरहेको समस्या र पीडालाई कम गराउनका लागि राज्यले बेतलवी सेवामूलक कार्यलाई मान्यता दिई यसको महत्वपूर्ण भूमिका अर्थतन्त्रमा रहेको छ भन्ने स्थापित गराउनु पर्दछ । घरभित्र र घरबाहिर दुवै काममा महिला र पुरुषको समान सहभागिताका लागि पहल थालनी गनुपर्दछ । हरेक श्रमको सम्मान हुने अवस्था पनि राज्यले सृजना गर्न सक्नुपर्दछ । यति हुन सकेमा मात्र पनि बेतलवी सेवामूलक कार्यले कुवाको भ्यागुता बनेका लाखौं गृहिणीहरू समाज विकासको मूलधारमा आउन सक्नेछन् । ■

# प्रस्तावित सामाजिक लोकतान्त्रिक बहुल–राष्ट्रिय पार्टीको घोषणापत्र

### १. नबदलिएको राज्यसत्ताको चरित्र

तथाकथित उच्च जातबाट नियन्त्रित र ज्यले बहुजातीय र बहुभाषिक सामाजिक स्थितिलाई सिद्धान्ततः स्वीकार गरे तापनि विभिन्न जातीय, भाषिक, धार्मिक, सांस्कृतिक, लैङ्गिक, क्षेत्रगत र वर्गीय समुदायबीच समानता दिलाउन सकेका छैनन्, बरु बाहुनवाद, पितृसत्तावाद र सामन्तवादको दुष्चक्रलाई नै निरन्तरता दिइरहेका छन् । साथै, मुलुकको आर्थिक उन्नति गरी नेपालीहरूलाई राहत दिनुको सट्टा गरीब र धनीबीचको खाडल अझ गहिरो बनाइएको छ। भ्रष्टाचार, कुशासन र मनपरीतन्त्रले देश आक्रान्त बनाएको छ ।

एक जात, एक भाषा, एक धर्म, एक संस्कृति, एक लिङ्ग, एक क्षेत्र र एक वर्गको राज्यनीति अहिलेसम्म निरन्तर कायम छ। राज्य पूर्णतः जातिवादी (रेशिष्ट) आधारमा चलिरहे कै छ । आजसम्म गठित सरकारहरूले राज्यको जातिवादी नीति र संस्कृतिलाई ठोस रुपमा निरन्तरता दिइरहेका छन् । यी सरकारहरूले कपटपूर्ण समावेशी नीति अख्तियार गरेर आदिवासी जनजाति, दलित, मधेसी, मुस्लिम, मातृभाषी, अन्य धर्मावलम्बी, महिलालगायतलाई बहिष्करण गरे । त्यसैगरी, यी सरकारहरूले गरीब, विपन्न वर्ग, किसान, मजदुर, भूमिहीन र अन्य सीमान्तकृतहरूको हितमा काम गर्नुको सट्टा उनीहरूको स्थितिलाई झनै कठीन बनाउने काम गरे । उनीहरूले नेपालभित्रका बहुल–राष्ट्रियतालाई सुदृढ बनाउँदै लानुको सट्टा थिचोमिचो गर्दै कमजोर बनाउने कार्यमा लागि परे र बाह्य शक्तिसँग आत्मसमर्पण गरी नेपालको आर्थिक, सामाजिक र राजनीतिक अवस्थालाई खोक्रो पार्दै नेपालको प्रतिष्ठालाई धराशायी पारिरहेका छन् ।

### २. जातीय अन्तरद्वन्द र ध्रुवीकरण

नेपालको इतिहास आदिवासी जनजाति, मधेसी, दलित, मुस्लिमलगायत र शासक जातबीचको जातीय अन्तरद्वन्द समय–समयमा सतहभित्र र बाहिर रहने गरी नेपालको राजनीतिको केन्द्र बिन्दुमा रहँदै आएको छ । १४ जेठ २०६९ मा संविधानसभाको विघटन भएको अवस्थासम्म आइपुग्दा तथाकथित उच्च जातीय एकाधिकारवादीको एउटा ध्रुव र आदिवासी जनजाति, मधेसी, मुस्लिम लगायतको अर्को ध्रुवमा ध्रुवीकृत भइसकेको अवस्था छ । राजनीतिक दल, निजामति र प्रहरी सेवा, सञ्चार (मिडिया), नागरिक समाज, बौद्धिक क्षेत्रलगायतमा हावी रहेका तथाकथित उच्च जातीय एकाधिकारवादीहरू जातीय पहिचानसहितको संघीयता, आत्मनिर्णयको अधिकार, जातीय र क्षेत्रगत स्वायत्तता लगायतका अहम् मुद्दाहरूको विरुद्धमा उभिएका छन् । विगत लामो समयदेखि विश्वभरि नै पहिचानको राजनीतिले सघन रुप लिन थालेको छ। २०४६ र २०६२/२०६३ सालका जनआन्दोलनका साथै २०६३ को मधेसी आन्दोलन उत्कर्षमा उठान भएर मधेसी पहिचानको आन्दोलनलाई स्थापित गर्न सफल भयो । तर उक्त आन्दोलनले उठाएको पहिचानका मुद्दाहरूलाई संस्थागत गर्न र संविधानमा लिपिबद्ध गर्न बाँकी छ ।

नेपालमा लामो समयदेखि उठिरहेको आदिवासी जनजातिको आन्दोलन, १० वर्षे जनयुद्ध, २०४६ र ०६२/२०६३ सालका जनआन्दोलन, २०६९ सालमा उठेको सडक र संविधानसभामा आदिवासी जनजाति आन्दोलनको साथै थरुहट र लिम्बुवान सहितका आन्दोलनले पहिचानको मुद्दालाई स्थापित गर्न सफल भयो । तर उक्त आन्दोलनले उठाएको पहिचानका मुद्दाहरूलाई संस्थागत गर्न र संविधानमा लिपिबद्ध गर्न बाँकी छ। त्यस्तैगरी, लामो समयदेखि उठिरहेका दलित, मुस्लिम, महिलालगायतका आन्दोलन र २०४६ र ०६२/२०६३ सालका जनआन्दोलनले उठाएका पहिचानको मुद्दाहरूलाई संस्थागत गर्न र संविधानमा लिपिबद्ध गर्न बाँकी छ। संघीयता र पहिचान विरोधीहरूको षडयन्त्रको कारणले यी सबै पहिचानको मुद्दाहरूलाई संस्थागत गर्न र संविधानमा लिपिबद्ध गर्न सकिएन ।

नेपालमा जातीय अन्तरद्वन्दको साथै लैङ्गिक अन्तरद्वन्द पनि विकराल हुँदै आएको छ। पितृसत्तावादले गर्दा महिला र भिन्न यौनिक अभिमुखीकरण भएकाहरू विरुद्ध चरम लैङ्गिक विभेद छ भने महिलाभित्र आदिवासी जनजाति, दलित, मधेसीलगायतका महिलाहरू जातीय र क्षेत्रगत आधारमा थप विभेदको शिकार भएका छन् । लैङ्गिक सवालमा पितृसत्ता विरुद्ध सबै महिला एकै भए पनि जातीय र क्षेत्रगत आधारमा विविधता छ ।

देशमा वर्गीय अन्तरविरोध पनि विद्यमान रहेको छ । मुट्ठीभरको सम्भ्रान्त वर्गले मुलुकको सम्पूर्ण स्रोत र साधनमा शदीयौंदेखि एकलौटी हालिमुहाली गरी लाखौं लाख जनतालाई गरिबीको खाडलमा पारेको छ । केन्द्रीकृत शासन व्यवस्थाले मोफसलका जनताको चाहनालाई नबुझी र आवाजलाई नसुनेर सीमान्तकृत बनाइएको छ । बाहुन क्षेत्रीहरूलाई अन्य समस्या नभए पनि वर्गीय समस्या भने विद्यमान छ । जातीय र लैङ्गिक पहिचानभित्र वर्गीय अन्तरविरोध रहेकाले र वर्गीयभित्र जातीय र लैङ्गिक अन्तरविरोध रहेकाले यी दुवै समस्याहरूले थप जटिलता सृजना गरेको छ ।

### ३. मुलुकका विद्यमान मुद्दाहरू

प्रस्तावित पार्टीले अविलम्ब समाधान गर्न मुलुकका निम्नलिखित मुद्दाहरूलाई गम्भीर तापूर्वक लिनेछ ।

#### ३.१. आदिवासी जनजातिका प्रमुख मुद्दा

१. जातीय एकल पहिचान सहितको संघीय गणतन्त्र
२. सामूहिक तथा विशिष्ट पहिचान र सामूहिक अधिकार
३. जातीय आत्म–निर्णयको अधिकार
४. स्वतन्त्र, अग्रीम जानकारी सहितको मञ्जुरी
५. जातीय स्वायत्तता र स्वशासन
६. भूमि, भूभाग र स्रोतमा स्वामित्व र नियन्त्रण
७. प्रथाजन्य कानूनको मान्यता
८. धर्म निरपेक्षता र त्यसको व्यवहारिक कार्यान्वयन
९. भाषिक समानता
१०. जातीय जनसंख्याको आधारमा समानुपातिक प्रतिनिधित्व प्रणालीको प्रत्याभूति
११. सकारात्मक विभेद
१२. आदिवासी जनजाति महिलाको पहिचान र समान अधिकार
१३. धर्मनिरपेक्षताको कार्यान्वयन

#### ३.२. दलितका प्रमुख मुद्दा

१. जातीय आधारमा हुने सबै प्रकारका छुवाछुत र भेदभावको अन्त्य
२. छुवाछुतलाई राज्य विरुद्धको अपराध, मानवता विरुद्धको अपराध र गम्भीर सामाजिक अपराधको रुपमा परिभाषित गर्दै यसका अपराधीहरूलाई कडा कानूनी कार्वाहीको प्रत्याभूति
३. स्वतन्त्र र सम्मानपूर्वक बाँच्न पाउने अधिकारको प्रत्याभूति
४. नीतिनिर्णयको तहलगायत राज्यका सबै अंग र तहमा समानुपातिक प्रतिनिधित्व प्रणाली
५. भूमिमा अधिकार तथा सुकुम्वासी र भूमिहीनताको समस्यालाई तत्काल सम्बोधन गरेर उनीहरूलाई आवश्यक भूमि वितरण गरी बासको समेतको प्रत्याभूति
६. सार्वजनिक तथा निजी क्षेत्रमा समेत रोजगारीको सुनिश्चितता सहितको विशेषाधिकार र ऐतिहासिक क्षतिपूर्ति
७. दलितको परम्परागत सीप र पेशाको आधुनिकीकरण
८. दलित महिला विरुद्ध हुने जातीय र लैङ्गिकलगायतका बहुल विभेदको अन्त्य
९. अन्तरजातीय विवाह विरुद्धको कार्यलाई कानूनी कारवाहीको व्यवस्था
१०. उच्च शिक्षासम्म छात्रवृत्ति सहितको निःशुल्क शिक्षाको प्रत्याभूति
११. गरीब तथा विपन्न दलितहरूको स्वास्थ्यमा सुधार ल्याउन बीमा सहितको स्वास्थ्य उपचारको सुनिश्चितता
१२. मधेसी दलित विरुद्ध हुने सबै प्रकारको क्षेत्रगत विभेदको अन्त्य तथा भाषा तथा संस्कृतिको संरक्षण

#### ३.३. मधेसीका प्रमुख मुद्दा

१. सामूहिक र विशिष्ट क्षेत्रगत पहिचान र अधिकार
२. क्षेत्रगत पहिचान सहितको संघीय गणतन्त्र
३. क्षेत्रगत आत्म–निर्णयको अधिकार
४. क्षेत्रगत स्वायत्तता र स्वशासन
५. भाषिक समान अधिकार
६. राज्यको सबै अंग र तहमा जातीय र सामुदायिक समानुपातिक प्रतिनिधित्वको प्रत्याभूति
७. सकारात्मक उपायको व्यवस्था
८. मधेसी महिला र मधेसी दलितको पहिचान र समान अधिकार
९. सेनामा एक पटक निश्चित संख्यामा सामूहिक प्रवेश, र प्रहरी र निजामती सेवामा समान अवसर

#### ३.४. मुस्लिमका प्रमुख मुद्दा

१. मुस्लिमको संवैधानिक पहिचान र अधिकार
२. स्वतन्त्र र सम्मानपूर्वक बाच्न पाउने अधिकारको प्रत्याभूति
३. जातीय जनसंख्याको आधारमा समानुपातिक समावेशी प्रतिनिधित्वको प्रत्याभूति
४. शिक्षा, स्वास्थ्य र रोजगारीमा समानुपातिक समावेशी प्रतिनिधित्वको प्रत्याभूति
५. भाषिक समानता
६. सकारात्मक उपाय सहितको विशेष व्यवस्था
७. अलग पारिवारिक कानून
८. धर्मनिरपेक्षताको कार्यान्वयन र धार्मिक स्वतन्त्रता
९. मदरशा शिक्षालाई प्राथमिकता दिने
१०. हज कमिटीलाई राजनीतिक प्रभावबाट मुक्त राख्ने
११. ऐतिहासिक, पुरातात्विक र धार्मिक महत्वका स्थल, वस्तु आदिको संरक्षण
१२. मुस्लिमको विशेष पर्वहरूमा विदा
१३. मुस्लिम आयोगको गठन

#### ३.५. लैङ्गिक मुद्दा

१. पितृसत्ताको अन्त्य
२. लैङ्गिक समता र समानता
३. स्रोतमा समान अवसर, नियन्त्रण र फायदाको समान वितरण
४. महिला विरुद्ध हुने सबै प्रकारका हिंसा र विभेदको अन्त्य
५. आफ्नो शरीरमा आफ्नो अधिकार
६. राज्यको सबै अंग र तहमा लैङ्गिक जनसंख्याको आधारमा समानुपातिक समावेशी प्रतिनिधित्वको प्रत्याभूति
७. सकारात्मक विभेद र विशेष व्यवस्था
८. भिन्न यौनिक अभिमुखीकरणको पहिचान, मान्यता र समान अधिकार

#### ३.६.अपांगता भएकाहरूको मुद्दा

१. अपाङ्गताको आधारमा हुने सम्पूर्ण विभेदको अन्त्य
२. सकारात्मक विभेद र विशेष व्यवस्था
३. रोजगारीमा प्राथमिकता

#### ३.७. वर्गीय तथा अन्य मुद्दाहरू

१. गरीबी, बेरोजगारी, श्रमिक समस्या, शिक्षा, स्वास्थ्य, रोजगारी आदिमा विपन्न जनताको पहुच विहीनता, न्यून आर्थिक बृद्धि र असन्तुलित विकासको अन्त्य
२. कुशासन, भ्रष्टाचार, दण्डहीनता र जनताको आवाज सुनुवाई नहुने समस्याको अन्त्य
३. भूमिहीनता र किसानको समस्याको समाधान
४. असमानता, असमावेशी र सामाजिक न्यायको अभावको अन्त्य
५. नागरिकताको समस्याको समाधान र मानवअधिकारको उल्लंघनको अन्त्य
६. प्राकृतिक स्रोतसाधन र वातावरण विनाशको समस्याको समाधान

### ४. विचार र सिद्धान्त

प्रस्तावित पार्टी बहुल–राष्ट्रियवाद, सामाजिक लोकतन्त्र र आदिवासीवादको विचार तथा सिद्धान्तबाट निर्देशित हुनेछ ।

### ५. समाधानका उपाय तथा नीतिहरू

आदिवासी जनजाति, मधेसी, दलित, मुस्लिमलगायतका मुद्दाहरूलाई प्रस्तावित पार्टीले निम्न समाधानका उपाय तथा नीतिहरू अवलम्बन गर्नेछ:

**(क) बहुल–राष्ट्रियवाद** (Pluri-nationalism)

(१) विविधता र सहअस्तित्व (Diversity and Co-existence)
(२) पहिचानको विविधता र विशिष्टतालाई मान्यता (Recognition of diversity and distinction of idntities)
(३) अन्तर्राष्ट्रिय मापदण्ड (International standards)
(४) धर्मनिरपेक्षता (Secularism)
(५) वैकल्पिक विश्व प्रणाली (Alternative global system)
(६) सबै प्रकारको उपनिवेशवादबाट मुक्तिसहितको बहुल–राष्ट्रवाद (Plurinationalism)

**(ख) आदिवासीवाद** (Indigenism)

(१) आत्मनिर्णय, स्वायत्तता र स्वशासन (Self-determination, autonomy and sefl-rule)
(२) सामूहिक र व्यक्तिगत मानवअधिकारको सम्मान (Respect for collective and individual human rights)
(३) स्वतन्त्र, अग्रीम जानकारी सहितको मञ्जुरी (Free, Prior and Informed Consent)
(४) प्रथाजन्य कानून (Customary laws)
(५) आत्मनिर्णित विकास (Self-determined development)

**(ग) राष्ट्रियता** (National)

आदिवासी जनजाति, मधेसी, दलित, मुस्लिम, खस लगायतका राष्ट्रियता

**(घ) सामाजिक लोकतन्त्र** (Social Democracy)

(१) सारभूत समानता र समता (Substantive equality and equity)
(२) सामाजिक न्याय ९क्यअष्वी वगकतष्अभ०
(३) समानुपातिक प्रतिनिधित्व (Proportional representation)
र विशेष प्रतिनिधित्व (Special representation)
(४) अविभेद (Non-discrimination)
(५) विशेष संरक्षण (Special protection)
(६) सकारात्मक विभेद (Positive discrimination), सकारात्मक उपाय (Affirmative action), र विशेष संरक्षण (Special protection)
(७) क्षतिपूर्ति (Compensation)
(८) लैंगिक समानता र समता (Gender equality and equity)
(९) प्रक्रिया, स्रोत र प्रतिफलमा समावेशीकरण (Social inclusion)
(१०) लोककल्याणकारी राज्य, र राज्यको दायित्व (Welfare state and State responsibility),
(११) आर्थिक तथा सामाजिक विकास (Social and economic development)
(१२) विधिको शासन र जवाफदेहिता (Rule of law and Accountability)
(१३) वातावरणवाद (Environmentalism)

शदीयौंदेखि सम्बोधन नभएको मुलुकको विद्यमान समस्याहरू समाधान गर्नका लागि प्रस्तावित पार्टीमा गोलबन्द हुन सम्पूर्ण न्यायप्रेमी नेपाली जनतालाई आह्वान गरिन्छ ।

सुझाव आह्वान

प्रस्तावित सामाजिक लोकतान्त्रिक बहुल–राष्ट्रिय पार्टीको घोषणापत्रका सम्बन्धमा यहाँहरूको महत्वपूर्ण सुझाव निम्न ठेगानामा २०६९ साल असोज १५ गतेभित्र दिनु भई सहयोग गरी दिनुहुन हार्दिक अनुरोध गरिन्छ:

**डा. चैतन्य सुब्बा**, संयोजक, घोषणापत्र बहस तथा सुझाव संकलन कार्यदल
पोष्ट बक्स नं.: ८९७५ ई.पी.सी. ७०६७ काठमाडौं
ई-मेल ठेगाना: chaitanyasubba@gmail.com

**डा. कृष्ण भट्टचन**, सदस्य, घोषणापत्र बहस तथा सुझाव संकलन कार्यदल
ई-मेल ठेगाना: bhattachan.k@gmail.com

**नन्द कन्दङ्वा**, सदस्य, घोषणापत्र बहस तथा सुझाव संकलन कार्यदल
ई-मेल ठेगाना: kandangwank@gmail.com

*(यो दस्तावेज प्रस्तावित सामाजिक लोकतान्त्रिक बहुल-राष्ट्रिय पार्टीको मिति २०६९ साउन २५ (अगस्त ९) गते वल्र्डट्रेड सेन्टरमा पत्रकार सम्मेलन गरी सार्वजनिक गरिएको घोषणा पत्र हो । -सं.)*

■

# सहमतिको आधार बनाउन प्रमको राजीनामा: खनाल

काठमाडौँ, २७ साउन। नेकपा(एमाले)का अध्यक्ष झलनाथ खनालले राजनीतिक दलहरुलाई ध्रुवीकरणबाट एकता र समझदारीतर्फ फर्काउनका लागि सरकारले राजीनामा दिनुपर्ने बताउनुभएको छ।

शनिबार काठमाडौँमा आयोजित नेकपा (एमाले) नारायणी अञ्चल सम्पर्क कमिटीको दोस्रो प्रतिनिधि बैठक तथा नारायणी सम्पर्क उत्कृष्ट पत्रकारिता पुरस्कार वितरण कार्यक्रममा उहाँले सहमतिको आधार बनाउन सरकारको राजीनामा पहिलो सर्त भएको बताउनुभएको हो।

सहमति नभई सरकार नछोड्ने हो भने देश असफल हुने उल्लेख गर्दै अध्यक्ष खनालले सहमतिको वातावरण निर्माण गर्नका लागि सरकारलाई आग्रह गर्नुभयो।

सहमतिका आधारमा अधिकार सम्पन्न सरकारले मात्र २०६२/०६३ को जनक्रान्तिका उपलब्धिलाई रक्षा गर्न सक्ने स्पष्ट पार्दै उहाँले त्यसका लागि नेकपा (एमाले) मात्र सक्षम पार्टी रहेको दाबी गर्नुभयो।

एनेकपा (माओवादी) र मधेसवादी दलहरुले देश गम्भीर संवैधानिक सङ्कटमा धकेलेको आरोप लगाउँदै अध्यक्ष खनालले भन्नुभयो- 'संवैधानिक निकाय खाली हुने अवस्थामा छन्, बजेट आएको छैन, यस्तो अवस्थामा सहमति जरूरी छ।'

सहमतिका लागि सरकारले राजीनामा नदिने हो भने नेकपा (एमाले)को नेतृत्वमा सरकारविरूद्ध नयाँ जनआन्दोलन गर्ने चेतावनी दिँदै उहाँले एमाओवादी र मधेसवादीको अधिनायकवादी शासनको अन्त्य हुनुपर्ने बताउनुभयो।

कार्यक्रममा लामो समयदेखि पत्रकारिता गर्दै आउनुभएका मकवानपुर जिल्लाका पत्रकार रामकुमार एलनलाई सम्मान पत्रसहित रू पाँच हजारले सम्मान गरिएको थियो।

नारायणी अञ्चल सम्पर्क कमिटीका सहसंयोजक तथा पार्टीका वैकल्पिक पोलिटब्युरो सदस्य नागेन्द्र चौधरीले पार्टीका योजनाहरुलाई जनतासमक्ष पुऱ्याएर नेकपा (एमाले)लाई पहिलो पार्टी बनाउन कार्यकर्तालाई निर्देशन दिनुभयो।

सम्पर्क कमिटीका अध्यक्ष नमराज तिमल्सिना एवम् उपाध्यक्ष उज्वल अधिकारीले जनताको संविधान निर्माणका लागि अभियानसहित जनतामा जानुपर्नेमा जोड दिनुभयो।

बैठकले आर्थिक तथा साङ्गठनिक प्रतिवेदन पास गर्ने आयोजकले जानकारी दिएको छ। रासस

# संवैधानिक सङ्कटको निकास संविधानसभाबाटै: उपराष्ट्रपति

काठमाडौँ, २६ साउन। उपराष्ट्रपति परमानन्द झाले अहिलेको संवैधानिक सङ्कटको निकास संविधानसभाबाटै खोजिनुपर्ने बताउनुभएको छ।

रिपोर्टर्स क्लबको आयोजनामा शुक्रबार आफ्नै कार्यालय बहादुर भवनमा पत्रकारसँगको कुराकानीमा उहाँले भन्नुभयो, "सङ्कट फुकाउन संविधानसभाबाटै उपाय निकाल्नुपर्छ।"

जुनसुकै उपायबाट निकास निकाल्न खोजिए पनि संविधान संशोधन गर्नुपर्ने स्पष्ट पार्दै उपराष्ट्रपति झाले सहमति गरेर संविधानसभाबाटै समस्याको निकास खोज्नु विश्वसनीय उपाय हुने बताउनुभयो।

राष्ट्रपतिले सहमतिबाट सार्थक निकास निकाल्न गर्नुभएको छलफल सामयिक भएको उल्लेख गर्दै उहाँले राजनीतिक दलहरुले सहमति गरेर अघि बढ्नुपर्छ भन्नुभयो। रासस

# महिलाहरूमा प्रजनन स्वास्थ्य समस्या बढ्दो

निरज गौतम------

नेपालगन्ज, २७ साउन। पुरूषको तुलनामा सूचना, आर्थिक स्रोत र परिवारको निर्णायक तहमा महिलाको पर्याप्त पहुँच नहुँदा विशेषतः ग्रामीण क्षेत्रका महिला स्वास्थ्य समस्याबाट बढी प्रभावित हुने गरेको पाइन्छ।

महिलाहरुलाई अन्य स्वास्थ्य समस्याभन्दा प्रजनन स्वास्थ्य समस्याले बढी गाँजेको पाइएको छ।

मध्य तथा सुदूरपश्चिमाञ्चलका हुम्ला, जुम्ला, बाँके, बर्दिया, कैलाली, कन्चनपुर, दाङलगायका जिल्लाको सुदूर क्षेत्रमा बसोबास गर्ने महिलाहरुले प्रजनन स्वास्थ्यमा भोग्दै आएको समस्यामध्ये पाठेघर (आङ खस्ने) समस्या सबैभन्दा बढी छ।

कामको बोझ, मानसिक तनाव, सरसफाइमा कमी, उमेर नपुग्दै बिहे गर्नु र असुरक्षित रूपमा सुत्केरी गराउने कारणले पनि महिलामा पाठेघर समस्या जटिल हुँदै गएको बाँके जिल्ला जनस्वास्थ्य कार्यालयका प्रमुख जीवन मल्लको कथन छ।

आङ खस्ने समस्याबाट पीडित कैलाली जिल्ला अत्तरिया निवासी ३० वर्षीया फागुनी सिंहको दुःखेसो थियो, "काममा दिनभरि खटिनुपर्छ, समयमा खान पाइँदैन, मेलापात पनि गर्नुपर्छ, त्यसैले आफ्नो स्वास्थ्यको विषयमा ध्यान दिने समय नै हुँदैन।"

गत आर्थिक वर्षमा बाँके जिल्लाका विभिन्न गाविसमा विभिन्न समयमा सञ्चालन गरिएका स्वास्थ्य शिविरमा उपचारका लागि आएका महिलामध्ये १८४ जनामा आङ खस्ने समस्या देखिनुले पनि प्रजनन स्वास्थ्यभित्र पाठेघरको समस्या अधिक रहेको आँकलन गरिएको छ।

"शिविर, स्वास्थ्यचौकी र अस्पतालमा उपचारका लागि आउने महिलामध्ये एक चौथाइ महिलाको पाठेघर जटिल अवस्थामा पुगिसकेको हुन्छ, उनीहरुको शल्यक्रिया गर्नुबाहेक अन्य उपचार सम्भव नै हुदैन" जनस्वास्थ्य प्रशासक मल्लको भनाइ छ।

विशेषतः बाँके जिल्लाको गनापुर, साईगाँउ, नौबस्ता, सोनपुर, टिटिहिरिया, महादेवपुरी, कम्दी, बेतहनी र रझेना गाविसका दलित, मधेसी र सीमान्तकृत समुदायका महिला सबैन्दा बढी सो समस्याबाट पीडित रहेका जनस्वास्थ्य कार्यालयको तथ्याङ्कमा उल्लेख छ।

गत वर्ष सो कार्यालयले आङ खस्ने समस्याबाट पीडितमध्ये संवेदनशील अवस्थाका ४७ जनाको निःशुल्क शल्यक्रिया गरेको थियो। कम उमेरमा विवाह गरेका, असुरक्षितरूपमा बच्चा जन्माएका, गर्भावस्थामा पोषिलो खानेकुरा नखाएका महिलाहरुमा आङ खस्ने समस्या बढी देखिने गरेको तथ्याङ्कले देखाएको छ।

'जिल्ला जनस्वास्थ्य कार्यालयले जिल्लाको सीतापुर गाविसमा केही महिनाअघि सञ्चालन गरेको पाठेघर उपचार शिविरमा उपचारार्थ आएका ८८ जनामध्ये १७ जनाको शल्यक्रिया गर्नुपर्ने अवस्था डरलाग्दो हो', जनस्वास्थ्य प्रशासक मल्लले भन्नुभयो।

पाठेघरपछि महिला वर्गले भोग्नुपर्ने अर्को समस्यामध्ये गर्भावस्था तथा सुत्केरी अवस्था पनि हो। यो समस्यााट सहरकाभन्दा गाँउका महिला नै अधिक पीडित हुने गरेको पाइन्छ।

कुल ४६ गाविस र एक नगरपालिका रहेको बाँके जिल्लामा बर्थिङ सेन्टर र स्वास्थ्य चौकीमार्फत जिल्ला जनस्वास्थ्य कार्यालयले गर्भवती, सुत्केरी तथा शिशुहरुलाई स्वास्थ्य सेवा उपलब्ध गराउँदै आए पनि ग्रामीण क्षेत्रमा सडक यातायातको अभाव, बजेटको अपर्याप्तता, स्वास्थ्यचौकीमा दरबन्दीअनुसार स्वास्थ्यकर्मी नहुनु, जनस्वास्थ्य कार्यालय र जिल्लाका अस्पतालबीच समन्वयको अभावलगायतका कारणले सो सेवा प्रभावितसमेत हुने गरेको छ।

"जिल्लामा सञ्चालित अस्पतालले जिल्ला जनस्वास्थ्य कार्यालयलाई प्रत्येक महिनाको १५ गतेभित्र तथ्याङ्क उपलब्ध गराउनुपर्ने प्रावधान भए पनि अस्पतालहरुबाट समयमा तथ्याङ्क नआउँदा मातृ तथा शिशु स्वास्थ्य सेवा कार्यक्रम प्रभावित हुने गरेको छ"- जनस्वास्थ्य अधिकृत अङ्गतबहादुर शाहीको भनाइ छ।

गत आर्थिक वर्ष २०६८/०६९ मा बाँके जिल्लामा गर्भावस्था, प्रसूति अवस्था तथा सुत्केरीपछिको छ हप्ताभित्रमा २२ जनाको मृत्यु भएपछि चालू आर्थिक वर्षमा सो अवस्थाका महिलाको मृत्यु दर बढ्ने आँकलन गरी प्रजनन कार्यक्रमलाई थप प्रभावकारी बनाउने रणनीति जनस्वास्थ्य कार्यालयले तय गरेको छ। रासस

# मधेसवादी दलहरू एक ढिक्का हुनुपर्ने

काठमाडौँ, २७साउन। मधेसवादी दलका नेताहरूले मधेसमा भएको आन्दोलनबाट स्थापित गर्न खोजिएको अधिकार सुनिश्चित भइनसकेकाले सबै मधेसवादी दल एक ढिक्का हुनुपर्नेमा जोड दिनुभएको छ।

डीक्का महासङ्घद्वारा काठमाडौँमा आयोजित अन्तरक्रियामा बोल्ने नेताहरूले जुन उद्देश्यसाथ मधेस आन्दोलन भएको थियो, अहिले मधेसवादी दलका नेता र मुख्य दलका नेताका कारण त्यो पूरा हुन नसक्ने स्थितिमा पुगेको गुनासो गर्नुभयो।

कार्यक्रममा तराई मधेस लोकतान्त्रिक पार्टी (नेपाल)का महामन्त्री तथा पूर्वमन्त्री दानबहादुर चौधरी कुर्मीले मधेसवादीहरू एक ढिक्का भएर नआउँदासम्म आफ्नो अधिकार संविधानमा सुनिश्चित गर्न नसकिने भएकाले त्यसतर्फ लाग्नुपर्नेमा जोड दिनुभयो।

नेपाल सद्भावना पार्टी (आनन्दीदेवी)का अध्यक्ष खुशीलाल मण्डलले संविधानसभा र सङ्घीयता आफूहरूको माग भए पनि अहिले प्रमुख दलका नेताहरूका कारण मुलुकमा सङ्घीयतासहितको संविधान आउन नसकेको बताउनुभयो।

उहाँले प्रमुख दलका नेताहरू र केही मधेसी नेताहरूका कारण मुलुक ६० वर्ष पहिलाको स्थितिमा धकेलिएको बताउनुभयो।

तराई मधेस विद्यार्थी फ्रन्टका केन्द्रीय अध्यक्ष सुरेशकुमार मण्डलले डीक्का महासङ्घ सामाजिक संस्थाका साथै राजनीतिक लक्ष्यप्राप्ति गर्ने उद्देश्यबाट अगाडि बढ्नुपर्नेमा जोड दिनुभयो।

कार्यक्रममा मधेसी नागरिक समाजका अध्यक्ष गणेश मण्डल, राष्ट्रिय महिला आयोगका सदस्य धनमाया चौधरी, सेना समायोजन विशेष समितिका सदस्य सनन्दनप्रसाद कुर्मीलगायतले मधेसीको हीतका लागि सम्पूर्ण मधेसकेन्द्रित दल एकजुट हुनुपर्ने बताउनुभएको थियो। रासस

# तमुवानका लागि तमुवान भोल्युण्टियर्स गठन

गजेन्द्र लिम्बू, (तमुवान)------

पोखरा २२ साउन। नयाँ नेपालमा पहिचानसहित तमुवान राज्य स्थापनाका लागि दवाब दिन गठित तमुवान युथ भोल्युण्टियर्स कास्कीको प्रथम जिल्ला भेलाले कृष्णकुमार तमुको अध्यक्षतामा १०१ सदस्यीय जिल्ला समिति गठन गरेको छ।

''पहिचानसहितको समृद्ध तमुवान, तमुवान युथ भोल्युण्टियर्सको अभियान'' भन्ने नारका साथ पोखरा सभागृहमा सम्पन्न सो भेलाले आगामी दुईवर्षका लागि समितिको उपाध्यक्षहरुमा गोविन्द पुन मगर, राजु भुजेल, कृष्ण तमु, मिनु तमु, सन्देश तमु, रोनित तमु र हिरा तमुलाई चयन गरेको छ। यसरी नै पाँच सचिवहरुमा केवी तमु, उदिम तमु, इन्द्र तमु, देविजंग तमु, सुनिल राई, सह-सचिवमा टी एन थापा मगर, कोषाध्यक्षमा बालकुमार तमु, सह-कोषाध्यक्षमा विना थापा मगर चयन गरेको छ।

नवगठित कार्य समितिको पदाधिकारी तथा सदस्यहरुलाई निर्वाचन समितिका संयोजक देउकाजी तमुले सपथ ग्रहण गराउनुभएको थियो भने डा. ओम तमुले खादा लगाइदिनुहुँदै सम्मान गर्नभएको थियो। उक्त अवसरमा नवनिर्वाचित अध्यक्ष कृष्णकुमार तमुले भोल्युण्टियर्सको आफ्नै अधिकारमुखी गतिविधीसँगै पोखराको सरसफाई, पार्किङ व्यवस्थापन, फेवाताल सरसफाइ, पोखरा क्षेत्रीय अन्तर्राष्ट्रि विमानस्थल निर्माणका लागि दवाव अभियान सञ्चालन गर्ने प्रतिवद्धता समेत व्यक्त गर्नुभयो।

नवनिर्वाचित समितिलाई तमुवान संघर्ष समिति कास्कीका संयोजक देवीराज तमुले बधाई व्यक्त गर्नुभएको थियो। भेलाको बन्दसत्रमा नेकपा एमालेका युवा नेता अजम्बर काङबाङ राई, नेपाली काँग्रेसका नेता इन्द्रबहादुर तमु र डा. ओम तमुले राजनैतिक प्रशिक्षण दिनुभएको थियो। भेलाले सातबुँदे पोखरा घोषणा जारी गरी भोल्युण्टियर्सको निर्देशिका समेत अनुमोदन गरेको छ।

# ताप्लिजोङमा कृषि जेटिएको पढाइ शुरु

ताप्लेजुङ, २८ साउन। प्राविधिक शिक्षाको माग बढिरहेका बेला हिमाली जिल्ला ताप्लेजुङमा पहिलो पटक प्राविधिक शिक्षाको पढाइ सञ्चालन भएको छ।

जिल्लाको पूर्वीभेगमा पर्ने सिनाम गाविसस्थित सिनाम उच्च माध्यमिक विद्यालयले जिल्लामै पहिलो पटक प्रविधिक शिक्षाअन्तर्गत कृषि जेटिए विषयको पढाइ सुरू गरेको हो।

बदलिँदो समयअनुसार प्राविधिक शिक्षाको माग अत्यधिक बढ्दै गएको र जिल्लामा अन्य कुनै पनि विद्यालयमा प्राविधिक शिक्षाको पढाइ सञ्चालन नभएको हुँदा आफूहरुले पढाइ सुरू गरेको सिनाम उच्च माविका प्राचार्य महेन्द्रप्रकाश गौतमले बताउनुभयो।

प्राचार्य गौतमका अनुसार शिक्षा मन्त्रालयअन्तर्गत सिटिइभिटीबाट सम्बन्धन प्राप्त गरी प्राविधिक शिक्षा सुरू गरिएको हो। यस वर्ष कृषिअन्तर्गत जेटिए विषयको पढाइ हुने र आगामी वर्षहरुमा भेटेरिनरी लगायतका अन्य विषयको समेत पढाइ हुने गौतमले जानकारी दिनुभयो।

सिटिइभिटीको नियमअनुसार यो वर्ष ४० जना विद्यार्थीले मात्र जेटिए विषय पढ्न पाउने छन्। ४० जनाको मात्र कोटा भएपछि महिला पाँच, जनजाति पाँच, दलित तीन, सङ्घसंस्थाका पाँच र विद्यालय रहेको गाविसका दुई गरी २० जनाको निश्चित कोटा र बाँकी सबै क्षेत्रबाट २० जनाले पढ्न पाउने व्यवस्था मिलाइएको प्राचार्य गौतमले जानकारी दिनुभयो।

यो वर्षदेखि नै सरकारले कृषिका दुई र भेटेरिनरी विषयका दुई गरी चार जना शिक्षकको व्यवस्था गरिदिने पनि विद्यालयले जनाएको छ।

सो विषय अध्ययन गर्न चाहने विद्यार्थीका लागि भर्ना शुल्क रू तीन हजार र मासिक शुल्क रू ५०० मात्र लाग्ने विद्यालयले जनाएको छ। रासस

# यातायात व्यवसायीसँग सहमति

काठमाडौँ, २७ साउन। आन्दोलनरत् यातायात व्यवसायी र सरकारबीच शबिार भएको वार्ता सहमतिमा पुगेपछि आइतबारदेखि सार्वजनिक सवारीका साधन पूर्ववतरूपमा सञ्चालनमा भएका छन्।

सिंहदरबारस्थित भौतिक योजना, निर्माण तथा यातायात व्यवस्था मन्त्रालयमा आज झण्डै छ घण्टा चलेको वार्तामा दुवै पक्ष एकअर्काका मागप्रति सकारात्मक बनेको र दुई दिनदेखि बन्द रहेको सार्वजनिक सवारीका साधन भोलिदेखि सञ्चालनमा आउने भएका हुन्।

यातायात व्यवसायी र सरकारबीच विगतमा भएका सहमति कार्यान्वयन गर्ने, छुट्टै यातायात मन्त्रालय गठन गर्न र ट्राफिक प्रहरीलाई 'ठाउँको ठाउँ' सवारीसाधनमाथि कारबाही गर्ने अधिकारका विषयमा छुट्टै कार्यदल बनाइ अगाडि बढ्ने, यातायात व्यवसायलाई उद्योगका रूपमा स्थापित गर्ने, सुरक्षित यातायात व्यवस्था प्रत्याभूत गर्ने र बीमाको व्यवस्था गर्ने लगायतका १५ बुँदे मागप्रति सरकार सहमत भएपछि आन्दोलन स्थगित गरिएको नेपाल यातायात व्यवसायी राष्ट्रिय महासङ्घका महासचिव डोलराज खनालले जानकारी दिनुभयो।

यसअघि दुई चरणमा भएका वार्ता सहमतिमा पुग्न नसक्दा शुक्रबार र शनिबार सार्वजनिक सवारी साधन चल्न सकेका थिएनन्।

वार्तामा मन्त्रालयका तर्फबाट सचिव तुलसी सिटौला समेतका सरकारी अधिकारी र महासङ्घका पदाधिकारीहरूको सहभागिता थियो। रासस

# नेपाली साहित्य समृद्ध बनाउन हाम्रो पनि योगदान छः तिगेला

श्याम रिमाल

काठमाडौँ, २६ साउन। प्रवासी नेपालीसाहित्य समाज बेलायत/ब्रुनाइ र विश्व नेपाली साहित्य महासङ्घले नेपाली डायस्पोरा साहित्यलाई नेपाली साहित्यको मूल प्रवाहले संरक्षण तथा सम्वर्द्धन तथा प्रोत्साहन गर्नुपर्नेमा जोड दिएका छन्।

विश्वभरको नेपाली साहित्यको संरक्षण, सम्वर्द्धन विकास तथा विश्वव्यापी विस्तार गर्ने उद्देश्यले वि.स. २०६७ भानुजयन्तीमा स्थापित महासङ्घ हाल ११ मुलुकका १३ शाखा र ६ वटा साहित्यिक संस्था आबद्ध भएको संस्था हो भने समाज बेलायत, ब्रुनाइ, सिङ्गापुर र भारतीय सेनामा कार्यरत् नेपाली स्रष्टाको संस्था हो।

हाल नेपाल आउनुभएका समाजका अध्यक्ष तथा महासङ्घका महासचिव विश्वासदीप तिगेलाले राससस‌ँग कुरा गर्दै नेपालबाहिर रहेका २०-२५ लाख नेपालीमाझ बसेर नेपाली स्रष्टाले नेपाली भाषासाहित्यको सेवा गरेको कुरालाई नेपाली साहित्यको केन्द्रले बुझ्नुपर्ने र यसो गर्दा केन्द्र पनि बलियो र समृद्ध हुने बताउनुभयो। उहाँले नेपाल प्रज्ञा-प्रतिष्ठान, त्रिवि, साझा प्रकाशनजस्ता संस्थाले आफ्ना संस्थामा डायस्पोरा साहित्य एकाइ खोल्नाका साथै डायस्पोरा साहित्यकारको पनि प्रतिनिधित्व गराइनुपर्ने माग गर्नुभयो।

हाम्रो स्तरमा कमी हुनसक्छ, उहाँले भन्नुभयो, "साहित्यकारको मुख्य काम भनेको भावना व्यक्त गर्नु हो, रूसको हिउँमा कठयाङ्ग्रिएर बस्दा, खाडी मुलुकमा भेडा र ऊँटगोठालो भएर काम गर्दा वा नेपाली महिलाको यौनशोषण हुँदा होस् वा जापानको फुजी हिमाल चढ्दाको आनन्द डायस्पोरा साहित्यले मात्र दिन सक्छ, हाम्रा कुरा यथार्थ छन् र नेपाली साहित्यलाई समृद्ध बनाउन हामीले महत्वपूर्ण योगदान दिएका छौँ।"

"मेरै कुरा गर्दा लाहुरे हुँदा र लडाइँमा जाँदाको मेरो अनुभव र अनुभूति बेग्लै स्वादको छ, त्यसलाई मैले साहित्यका रूपमा पस्कँदा नेपाली मन र भावना पनि पोखेको छु,"- उहाँले भन्नुभयो।

बेलायती गोर्खा सैनिकका रूपमा सेरिया ब्रुनाइमा कार्यरत तिगेला स्वयम्का भने परदेशीका कोसेली कविताहरु (कविता,२०५५), गृहयुद्धका पीडा (नियात्रा, २०६१), देश बोक्नुको पीडा (नियात्रा, २०६४), बोर्नियो (परिचय, २०६४) र निष्पक्ष संविधान, समृद्ध नेपाल(लेखसङ्ग्रह, २०६९)प्रकाशित छन्।

महासङ्घले हालसम्म विश्व(व्यापी खुल्ला अडियो कविता प्रतियोगिता २०६८ अनलाइन सञ्चालन गरेको छ भने समाजले विश्वव्यापी अनलाइन नेपाली रेडियो गजल प्रतियोगिता २०६६, विश्वव्यापी खुल्ला अडियो कविता प्रतियोगिता २०६८ आयोजनाका साथै थुप्रै साहित्यकार र विशिष्ट गोर्खा सैनिक र व्यक्तित्वलाई प्रवासी प्रभात पुरस्कार र सम्मान दिएको छ।

आफूहरुले विदेशी भूमिमा पनि काम गरेर बचेको समय साहित्य, संस्कृति,कला विषयमा भेला-अन्तर्क्रिया र गोष्ठीजस्ता कार्यक्रम गरिरहेको बताउँदै उहाँले डायस्पोराका बारेका यहाँ पनि प्रशस्त चर्चा र समालोचना हुनुपर्नेमा जोड दिनुभयो। विदेशमा रहेका नेपाली साहित्यिक संस्थाहरुले विदेशमा अन्तर्राष्ट्रिय नेपाली साहित्य सम्मेलन गर्ने सोच पनि राखेको छ भन्दै उहाँले नेपालीहरु बसेका सम्बन्धित देशले प्रवेशाज्ञालाई सहज र सरल बनाउने उदारता देखाएमा त्यो काम पनि गर्न सकिने बताउनुभयो।

समाजले गत मङ्गलबार 'लाहुरे' चलचित्रका निर्देशक तुलसी घिमिरे र भिसी विजेता रामबहादुर लिम्बूलाई प्रभात प्रवासी पुरस्कार र सम्मान दिएको थियो। रासस



१८ औं अन्तर्राष्ट्रिय विश्व आदिवासी दिवसको अवसरमा लिम्बुवानको धरान, सुनसरीमा आयोजित कार्यक्रममा सहभागी आदिवासी जनजातिहरु। फोटोः रासस

# दाङमा "मिस दाङ" प्रतियोगिता हुँदै

देविका घर्ती मगर

दाङ, साउन २६। दाङमा पहिलो पटक 'मिस दाङ-२०१२' प्रतियोगिता हुने भएको छ। 'मिस दाङ -२०१२' को आयोजक संस्था पेज-३ इन्टरटेइनमेण्टले शुक्रबार घोराहीमा पत्रकार सम्मेलन गरी 'मिस दाङ प्रतियोगिताको बारेमा जानकारी गराएका हुन्।




इफोर इन्टरटेइनमेण्टको सहकार्यमा हुन गइरहेको मिस प्रतियोगिताको बारेमा जानकारी दिँदै पेज-३ का डाइरेटक्टर थम्मन भण्डारीले यस क्षेत्रका युवा महिलाहरुको प्रतिभा बाहिर ल्याउने उद्देश्यले 'मिस दाङ -२०१२' को आयोजना गरिएको जानकारी दिनुभयो। मनोरञ्जन सँगसँगै यसक्षेत्रका प्रतिभाहरु लाई स्थान दिने उद्देश्यले आयोजना गरिएको भण्डारीले जानकारी दिनुभयो।

पेज-३ का नरेश बिकको अध्यक्षता तथा नेपाल पत्रकार महासंघ दाङका पूर्व अध्यक्ष केबी मसालको प्रमुख आि(तथ्यमा भएको कार्यक्रममा बोल्दै इफोर इन्टरटेइनमेन्टका म्यानेजिङ डाइरेक्टर दिपक घिमिरेले दाङका युवाहरुद्धारा आयोजना गरिएको 'मिस दाङ -२०१२' मा इभेन्ट म्यानेजमेन्टको जिम्मेवारी पाएको भन्दै यस प्रतियोगिताका विनर ३ जनालाई केन्द्रीयस्तरमा आयोजना गरिने यस्तैखाले एक प्रतियोगितामा सहभागी गराइने जानकारी दिनुभयो। प्रतियोगिताका बिजेतालाई नगर पुरस्कारसहित केन्द्रीयस्तरको म्यागेजिनका लागि फोटो शेसन, म्युजिक भिडियोमा मोडलिङ गर्ने, टेलिभिजन विज्ञापनमा खेल्ने, आरजे, भिजे ट्रेनिङ लगायतका अवसर प्रदान गरिने जानकारी दिनुभयो।

प्रतियोगितामा १६ वर्षदेखि २४ वर्षसम्मका अविबाहित युवतीहरुलेसहभागिता जनाउनेछन्। उक्त प्रतियोगितामा भाग लिनका निमित्त कम्तीमा एसएलसी उत्तीर्ण गरेको हुनुपर्नेछ। कम्तीमा ३५ देखि ४० जना युवतीहरुलाई सहभागी गराइने उक्त प्रतियोगितामा सहभागिताका लागि प्रतिव्यक्ति ६ हजार रूपैयाँ शुल्क लाग्ने आयोजक संस्था पेज-३ का नरेश बिकले जानकारी दिनुभयो। प्रतियोगिबाट लिइएको शुल्कबाट प्रतियोगिताका लागि चाहिने पोशाक, फोटो शेसन, २८ दिनको ट्रेनिङमा खर्च गरिने बताइएको छ।

भदौ अन्तिम साता फाइनल हुने उक्त प्रतियोगितामा सहभागिता जनाएर आफ्नो प्रतिभा देखाउन आयोजकले आग्रह गरेका छन्। फाइनल राउण्डका लागि प्रतियोगिहरुलाई तयार गर्न २८ दिनको विविध तालिमहरु दिइने बताइएको छ। तालिमकै बीचमा ट्यालेण्ट शो पनि गरिने आयोजकले जानकारी दिएका छन्।

# भीसी बेघालाई सम्मान र निर्देशक घिमिरेलाई पुरस्कार प्रदान

अगष्ट, ७ काठमाडौं। विभिन्न क्षेत्रमा महत्वपूर्ण योगदान दिने नेपालीहरुलाई सर्मानित गर्ने क्रममा प्रवासी नेपाली साहित्य समाजले भिक्टोरिया क्रस विजेता रामबहादुर लिम्बू र बरिष्ठ चलचित्र निर्दशक तुलसी घिमिरे सहितका व्यक्तित्वहरुलाई पुरस्कृत र सम्मानित गरेको छ।




रिपोर्ट्स क्लब नेपालमा मङ्गलबार आयोजित कार्यक्रममा शिक्षा मन्त्री दिनानाथ शर्माले भीसी रामबहादुर लिम्बूलाई सम्मानित, निर्दशक घिमिरेलाई प्रवासी प्रभात पुरस्कार र साहित्यकार केदार संकेतलाई प्रशंसा पत्र प्रदान गरेका थिए।

लिम्बूलाई उनले नेपालीको पहिचानलाई उच्च बनाउने क्रसममा संसारकै उच्च सैनिक सेवा पदक प्राप्त गरेको नाताले सम्मानित गरिएको हो। उनले ४४ जना दुश्मनका सेनाहरुको बीमा एक्लै लडेर विजय हात पारेका थिए।

निर्देशक घिमिरेलाई नेपालीहरुको बहादुरीको कथा सिनेमाको माध्यमबाटपरिचित गराउन महत्वपूर्ण भूमिका खेलेकोमा पुरस्कृत गरिएको हो। उनले बलिउडमा २ सय बढी फिल्मको सम्पादन र राष्ट्रिय पुरस्कार समेत पाईसकेको अवस्थामा नेपाली भाषाको विकासको लागि नेपालमा आएर यथार्थपरक २१ वटा फिल्म निर्माण गरेका छन्। उनी नेपाली भाषी भारतीय नागरिक हुन्।


समारोहलाई सम्बोधन गर्दै शिक्षामन्त्री शर्माले विश्वभरि बहादुरीको प्रतीकको रूपमा प्रशिद्धी, सगरमाथा, बुद्ध, प्राकृतिक स्रोत साधन र सुन्दरताका कारण नेपाली विश्वमै धनी र समृद्ध राष्ट्र भएको दावी गर्दै नेपाल र नेपालीलाई गरिब भर्दा आफ्नो चित्त दुख्ने गरेको सुनाए। उनले नेपाली प्रतिभाहरुलाई अनुशरण गर्नसके नेपालले विश्वमा आफूलाई सबै हिसाबमा स्थापित गर्नसक्ने भन्दै हिनताभन्दा पनि असल कामको अनुशरण गरेर अगाडि बढ्न आग्रह गरे।

सम्मानित व्यक्तित्व भीसी रामबहादुर लिम्बूले आफू बेलायती सेनामा हुँदा विरलै मात्र देखिने नेपालीहरु अहिले विश्वमा फैलिएको देखेर आफू खुसी हुने गरेको भन्दै यसले नेपाल र नेपालीको हैसियत स्थपित गरेको बताए। उनले सम्मानित भएकोमा खुसी व्यक्त गर्दै आफू सधैँ नेपाल र नेपालीको हितको लागि लागिरहने प्रतिबद्धता समेत व्यक्त गरे।

पुरस्कृत ब्यक्तित्व निर्देशक तुलसी घिमिरेले हरेक पटकको सम्मान र पुरस्कारले आफूमाथि थप राम्रो काम गर्न जिम्मेवारीको बोझ थप्ने गरेको सुनाउँदै आ-आफ्नो क्षेत्रमा सबै ब्यक्तित्वहरुले सकारात्मक सन्देश दिनुपर्ने धारणा राखे। उनले नेपाली साहित्य संसारमै अब्बल दर्जाको रहेको भन्दै नेपाली चलचित्रलाई साहित्यँग जोड्न सके यसले पनि अन्तर्राष्ट्रियस्तर हासिल गर्नसक्ने विचार व्यक्त गरे।

एनआरएनका केन्द्रीय महासचिव तेञ्जिङ शेर्पाले एनआरएनले नेपाली साहित्य र संस्कृतिको विकासको लागि एक समिति गठन गरेको जानकारी दिँदै यसले विश्वमा छरिएर रहेका नेपाली कला र सहित्यलाई संगठित पार्ने बताए।

समाजका अध्यक्ष विश्वदिप तिगेलाले विश्वभरि फैलिएका नेपालीहरुको कला-संस्कृतिलाई संरक्षण गर्नआफूहरु संगठित भएर लागिपरेको बताए। कार्यक्रममा प्रवासी नेपालीहरुको मुखपत्रको रूपमा पल्टन घर नामक पत्रिकाको समेत विमोचन र पुरस्कृत व्यक्तित्वहरुको योगदान सम्बन्धी मिलन चाम्सले निर्माण गरेको बृत्तचित्र प्रस्तुत गरिएको थियो।




नयाँ समयको नयाँ माग, सबैको लागि, सधैँको लागि
Domain र Hosting को भरपर्दो सेवा विगत ११ वर्षदेखि निरन्तर
कार्यालय, संघसंस्था र व्यक्तिगत वेबसाइट बनाउनको लागि सम्झनुहोस्
www.realDomainSale.com
E-mail: direct.office@gmail.com

**प्रकाशक/सम्पादकः** विश्वास दीप लिम्बू, **प्रधान सम्पादकः** दलबहादुर लिम्बू, **सल्लाहकारः** हरिराज खेवा, राजकुमार लेखी, **व्यवस्थापकः** थर्कदिप तिगेला, **इमेलः** nepaliSamachar@email.com, फोनः ९८१३७२४१६५ **वेबसाइटः** www.nepaliSamachar.com